मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ३ ● अंक २६३ ● २०८२ साल श्रावण २८ गते बुधवार ● Wednesday 13, August 2025 ● सूर्योदय: बिहान ५:३५ बजे ● सूर्यास्त: साँझ ६:४५ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## कांग्रेसले शहीदलाई सधैँ सम्मान गर्छः सभापति देउवा

समाचार पृष्ठ ५ मा



# उपचार अभावमा कैदीको मृत्यु

## १५ दिनभित्र प्रतिवेदन दिने गरी छानबिन समिति गठन





**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित नारायणी अस्पतालमा उपचाररत एक कैदीको मङ्गलवार मृत्यु भएको छ । मृतक पर्साको वीरगंज महानगरपालिका–२५ खाल्वा टोल निवासी ३५ वर्षीय राहुल साह तुराहा हुन् । उनी २०७९ सालदेखि कर्तव्य ज्यान मुद्दामा जन्मकैदको सजाय काटिरहेका थिए । मृत्युपछि उनका आफन्त र स्थानीयबासीले अस्पताल र कारागार प्रशासनमाथि गम्भीर लापरबाहीको आरोप लगाउँदै अस्पताल अगाडि प्रदर्शन गरे । प्रदर्शनका क्रममा टायर बालिएपछि केही समय तनावपूर्ण अवस्था सिर्जना भएको थियो । कारागार प्रशासनका अनुसार, मङ्गलवार बिहान व्यायाम गर्ने क्रममा राहुलको स्वास्थ्य अचानक बिग्रियो । तत्कालै उनलाई नारायणी अस्पताल ल्याइएको थियो । अस्पतालले प्रारम्भिक उपचारपछि थप उपचारका लागि नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालमा रेफर गर्ने निर्णय गर्यो ।

तर, मृतकका आफन्तले रेफर प्रक्रियामा अनावश्यक ढिलाइ भएको दाबी गरेका छन् । उनीहरूले जेल प्रशासनले समयमै अन्य अस्पताल लैजान अनुमति नदिएका कारण उपचारमा ढिलाइ हुँदा उनको मृत्यु भएको आरोप लगाएका छन् । एक आफन्तले पत्रकारलाई भने, 'नारायणी अस्पतालले तत्कालै अन्यत्र लैजान सुझाव दिएको थियो । तर, जेल प्रशासनले लामो समयसम्म आनाकानी गर्यो । जब एम्बुलेन्समा राख्न लाग्दा प्रहरीले रोकेर फेरि अस्पतालमै राख्यो । यसै कारण उपचार नपाएर उनको मृत्यु भयो ।' आफन्तहरूले घटनाको निष्पक्ष छानबिन र दोषीमाथि कारबाहीको माग गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक किशोर लम्सालका अनुसार, राहुललाई अन्य अस्पताल लैजाने प्रक्रिया पूरा गर्ने क्रममा उनको मृत्यु भएको हो । घटनापछि अस्पताल अगाडि केही समय तनाव सिर्जना भएको थियो । तर, पछि अवस्था सामान्य बन्यो । मृतकका आफन्तलाई छलफलका लागि जिल्ला प्रशासन कार्यालय पठाइएको उनले बताए । नारायणी अस्पताल प्रशासनले भने राहुललाई सम्भव भ्याएसम्मको उपचार प्रदान गरिएको र तत्कालै थप उपचारका लागि रेफर गरिएको दाबी गरेको छ । अस्पताल वरपरको सुरक्षा व्यवस्था कडा पारिएको छ । अस्पतालका एक वरिष्ठ चिकित्सकले नाम नखुलाउने सर्तमा भने, 'हामीले अस्पतालको क्षमताअनुसार उपचार गर्यौँ । थप उपचारको आवश्यकता देखिएपछि तुरुन्तै रेफर गरियो । तर, प्रशासनिक र सुरक्षा प्रक्रियामा समय लागेको हुन सक्छ ।' यस सम्बन्धमा मानवअधिकारकर्मीहरू भन्छन्, 'कैदी पनि नागरिक नै हुन् । उनीहरूको स्वास्थ्य र जीवन रक्षा राज्यको जिम्मेवारी हो । यस किसिमका ढिलाइ र लापरबाही दोहोरिनु मानवीय र कानुनी दृष्टिले अस्वीकार्य छ ।' राहुल साह तुराहा २०७९ सालदेखि कर्तव्य ज्यान मुद्दामा अदालतको आदेशअनुसार वीरगंज कारागारमा जन्मकैदको सजाय काटिरहेका थिए । यसअघि पनि पर्सा कारागारमा स्वास्थ्य समस्या भएका कैदीको उपचार अभावमा मृत्यु हुने घटना सार्वजनिक भइसकेका छन् । यसैबिच, उत्पन्न तनाव नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालय पर्साले छानबिन समिति गठन गरेको छ । मृतकका आफन्त र स्थानीयवासीले अस्पताल तथा जेल प्रशासनको लापरबाहीको आरोप लगाउँदै विरोध प्रदर्शन गरेपछि प्रशासनले यस्तो कदम चालेको हो । आफन्तको आक्रोश र प्रदर्शनलाई शान्त पार्न तथा घटनाको सत्यतथ्य छानविनका लागि समिति गठन गरेको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ । सहायक प्रमुख जिल्ला अधिकारी बाबुलाल रेग्मीको संयोजकत्वमा बनेको समितिमा सबै सरोकारवाला पक्षलाई समावेश गरिएको छ । समितिमा मृतककोतर्फबाट मुकेश साह तुराहा, वडा नम्बर–२५ का वडा सदस्य जगदिश साह तुराहा, मानवअधिकारकर्मी, प्रहरी प्रतिनिधि, अस्पताल प्रशासनका प्रतिनिधि र मृतकका परिवारका सदस्यहरू छन् । समितिलाई घटनाको गहिराइमा पुगेर विस्तृत अध्ययन गरी १५ दिनभित्र प्रतिवेदन बुझाउन भनिएको छ ।

## अकासेपानीले दिएको आशा
## मल अभावले बढाएको निराशा



**मधेशदृष्टि**
**वीरगंज ।**
लामो खडेरीको मार खेपेर कठिनाइपूर्वक धान रोपाइँ सकेका पर्साका कृषक रासायनिक मलको अभाव भएपछि फेरि अर्को समस्यामा परेका छन् । आवश्यक समयमा मल नपाउँदा धानको वृद्धि र उत्पादनमा प्रत्यक्ष असर पर्ने चिन्ता कृषकमाझ छ । जिराभवानी गाउँपालिका–५ कुडौलीका कृषक अलखदेवप्रसाद थारू भन्छन्, 'एक महिनाअघि रोपाइँ गरें । तर, अहिलेसम्म मलको जोहो गर्न सकिएको छैन । खडेरीले रोपो जोगाउनै मुस्किल थियो । अब भने धानमा हाल्नुपर्ने मल छैन ।' उनका अनुसार गाउँका प्रभावशाली व्यक्तिहरूले सोर्सफोर्स लगाएर मल पाउँछन् । तर, साना कृषक भने पालिका कार्यालय वा सहकारीको सिफारिसका लागि दिन दिनभर धाउँदा पनि हात खाली फर्किन बाध्य छन् । वीरगंज महानगरपालिका–२८ बगहीका गेनालाल पटेल चार बिघा धानखेती गर्दै आएका छन् । उनी भन्छन्, 'अकासेपानी परेपछि बीउ पलाउने आशा त जग्यो । तर, अहिले फेरि मल नपाउँदा चिन्ता छ । कृषि गर्ने मान्छेलाई कहिल्यै शान्ति छैन । कहिले पानीको अभाव, कहिले मलको अभाव ।' कृषि ज्ञान केन्द्र पर्साको तथ्यांकअनुसार, आव २०७८/७९ मा जिल्लामा १६ हजार ९६७ मेट्रिक टन रासायनिक मल प्रयोग भएको थियो । जसमध्ये युरिया १० हजार ९० मेट्रिक टन, डिएपी ६ हजार ९६ मेट्रिक टन र पोटास २७५ मेट्रिक टन रहेको छ ।

पछिल्ला तीन वर्षका तथ्यांक भने अद्यावधिक भइसकेका छैनन् । केन्द्रका प्रमुख रामजीवन ठाकुरका अनुसार सरकारी मापदण्डअनुसार प्रतिकट्ठा ३–४ किलो मल प्रयोग गर्नुपर्ने भए पनि धेरै उत्पादन गर्ने लोभमा कृषकले प्रतिकट्ठा ८–१० किलोसम्म प्रयोग गर्ने गरेका छन् । यसका कारण पनि अभाव

बाँकी पृष्ठ २ मा




# जनकपुरधाममा वकिल–पत्रकार भीडन्त
## अध्यक्षसहित आधा दर्जन पत्रकार घाइते



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा गुठी संस्थानको लिजमा लिएको जग्गा सम्बन्धी विवादले मंगलबार वकिल र पत्रकारबीच भीडन्त भएको छ । नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्षसहित आधा दर्जन पत्रकार घाइते भएका छन् । घाइतेमध्ये महासंघका अध्यक्ष श्याम बन्जारा, महासचिव शैलेन्द्र महतो क्रान्ति, पत्रकार दिवाकर रायलगायतका छन् । चिकित्सकका अनुसार महासचिव क्रान्तिको पैताला भाँचिएको छ भने अध्यक्ष बन्जाराको शरीरका विभिन्न भागमा चोटपटक छ । त्यस्तै, पत्रकार रायको टाउकोमा चोट लागेको छ । महासंघले भूतनाथ महादेव मन्दिरको दक्षिणतर्फ चार कठ्ठा जग्गा गुठी संस्थानसँग २० वर्षका लागि वार्षिक ३ लाख १ हजार १ सय रुपैयाँमा लिजमा लिएको छ । अध्यक्ष बन्जाराका अनुसार सम्झौता विधिवत् कानुनी प्रक्रिया पूरा गरेर साउन १९ गते भएको हो । यसअघि गुठी संस्थानले जेठ ७ गते गोरखापत्रमा तीन वटा जग्गा लिजका लागि सूचना प्रकाशित गरेको थियो । प्रस्ताव पेश गर्ने संघसंस्थामध्ये प्राविधिक र आर्थिक मूल्यांकनमा पत्रकार महासंघको प्रस्ताव छनोट भएपछि साउन २ गते गुठीले नतिजा सार्वजनिक गरेको र साउन ९ गते सम्झौताका लागि पत्र पठाएको थियो । तर, नेपाल बार एसोसिएसन जनकपुरधामले उक्त जग्गा आफ्नो पार्किङ स्थल भएको दाबी गर्दै साउन २० गते सूचना जारी गरेको थियो । बारले साउन २१ गतेदेखि कानुन व्यवसायीका गाडी त्यहीँ पार्किङ गर्ने निर्णय गरेको र पत्रकार महासंघलाई प्रयोग गर्न नदिने अडान लिएको छ । विवाद उच्च अदालत जनकपुरसम्म पुगेपछि अदालतले सो जग्गा 'यथास्थितिमा राख्न' आदेश दिएको छ । भदौ ५ गते दुवै पक्षलाई छलफलका लागि बोलाइएको छ । प्रत्यक्षदर्शीका अनुसार, विवादको क्रममा वकिलहरूको समूहले पत्रकारहरूलाई धकेल्दै कुटपिट गरेको र पत्रकार महासंघको तर्फबाट पनि वकिलको कोट च्यातिएको घटना भएको छ । पत्रकार महासंघका उपाध्यक्ष ज्योति झाले वकिलहरूले अध्यक्ष बन्जारा, महासचिव क्रान्ति र पत्रकार रायमाथि हातपात गर्नुका साथै आफूलाई पनि गालीगलौज गरेको आरोप लगाइन् । उनले कानून व्यवसायीहरुले नै आज प्रत्यक्ष रुपमा कानूनको धज्जी उडाएको जिकिर गरिन् । उनले भनिन्, 'यो केवल जग्गाको विवाद मात्र नभई पत्रकारितामाथिको सीधा आक्रमण हो । दोषीमाथि कडा कारबाही हुनुपर्छ ।' वकीलहरुले कालोकोटमा कालै कतूर्त गरेको उनको आरोप छ । महासंघका अध्यक्ष बन्जाराले भने, 'हामीले कानुनी प्रक्रिया पूरा गरेर जग्गा लिजमा लिएका हौं । तर, बारले अनावश्यक पूर्वाग्रहका साथ व्यवहार गर्दै कब्जा गर्न खोजेको छ ।' उनका अनुसार यदि बाटोको समस्या भए फुकाइदिने र पछाडिको जग्गा प्रयोग गर्न दिने गरि बारसँग यसअघि मौखिक सहमति भएको थियो । तर, पछिल्लो घटनाले त्यो सहमति तोडिएको छ । यता, वकिलहरूले भने पत्रकारहरूले आफूहरूको कोट च्यातेर आक्रामक व्यवहार गरेको आरोप लगाएका छन् । घटनापछि जिल्ला प्रहरी कार्यालय धनुषाले दुवै पक्षलाई छलफलका लागि बोलाएको थियो ।

# प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप भएको महासंघको ठहर

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल पत्रकार महासंघ केन्द्रीय समितिले मधेश प्रदेश समितिको कार्यालय भवन लिजमा लिइएको श्रीराम मन्दिर गुठीको जग्गा कब्जा गर्न बार एसोसिएसन धनुषाद्वारा गरिएको प्रयासप्रति गम्भीर ध्यानाकर्षण गरेको छ । महासंघले उक्त घटनालाई प्रेस स्वतन्त्रता र पत्रकारहरूको सुरक्षामा ठाडो खतरा भएको भन्दै कडा रूपमा निन्दा तथा भर्त्सना गरेको छ । महासंघका अनुसार मंगलबार बार एसोसिएसनका जिल्ला अध्यक्ष विमल मिश्र नेतृत्वको समूहले जग्गा संरक्षणका क्रममा प्रदेश अध्यक्ष श्याम बन्जारा, उपाध्यक्ष ज्योती झा, महासचिव शैलेन्द्र क्रान्ति, पत्रकार दिवाकर साह, अनिल निराला र विनिता यादवलाई आक्रमण गरेको थियो ।

यस आक्रमणमा महासंघका महासचिव क्रान्तिको खुट्टा भाँचिएको र पत्रकार साहको टाउकोमा गम्भीर चोट लागेको छ ।

महासंघले घटनाप्रति आपत्ति जनाउँदै 'अदालत हाम्रो गोजीमा छ, हामी जे भन्छौँ त्यही हुन्छ' भन्ने अभिव्यक्तिसँगै पत्रकारमाथि गरिएको आक्रमणलाई प्रेस स्वतन्त्रतामाथि ठाडो हस्तक्षेप भएको ठहर गरेको छ । महासंघले आक्रमणमा संलग्न सबै व्यक्तिहरूलाई कानुनी कारबाही गर्न, घाइते पत्रकारहरूको पूर्ण उपचारको व्यवस्था गर्न र भविष्यमा यस्ता घटना नदोहोरिन सुनिश्चित गर्न सम्बद्ध निकायहरूसँग माग गरेको छ । नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दाहालले प्रेस स्वतन्त्रता सुरक्षित राख्न र पत्रकारहरूको सुरक्षामा कडाइ गर्न सबै सरोकारवालाहरूको ध्यानाकर्षण गराएका छन् । घटनापछि प्रदेश समितिले पनि सुरक्षित कार्य वातावरण सुनिश्चित गर्न विभिन्न कदम चाल्नुपर्ने आवश्यकतामा जोड दिएको छ ।

# कालोबजारीको मल महंगोमा किन्न किसान बाध्यः प्रभु साह



**मधेशदृष्टि**
**काठमाडौँ ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले मलको अभाव नरहेको भनेर प्रधानमन्त्री केपी शर्मा ओलीले भनेको विषयमा सत्यता नरहेको बताएका छन् । एकातिर किसानले मल नपाइरहेको र अर्कोतिर मल अभाव नरहेको भनेर प्रधानमन्त्रीले सार्वजनिक रुपमा भनिरहेको भनेर प्रश्न उठाएका हुन् । मंगलबार प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले किसानले कालोबजारीको मल महंगोमा किन्न किसान बाध्य रहेको बताए ।

किसानको समस्या पहिचान गरेर समाधान गर्न र कम्तीमा मल समयमै उपलब्ध गराउन उनको आग्रह छ ।

# सुशासनको महाअभियान सञ्चालन गर्नुपर्छः प्रधानमन्त्री

**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा परिपूर्तिका लागि सुशासनको महाअभियान सञ्चालन गर्नुपर्ने बताएका छन् । राष्ट्रिय सतर्कता केन्द्रको २४औँ स्थापना दिवसका अवसरमा सिंहदरबारमा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले संविधानको निर्देशक सिद्धान्तलाई ध्यानमा राखेर भ्रष्टाचार, अनियमितता र ढिलासुस्ती नगरी जनतालाई सहज सेवा प्रवाहमा कुनै कमजोरी हुन नहुने बताए । सरकारका मुख्यसचिव, प्रधानसेनापति, सबै सचिवहरू, सुरक्षा निकायका प्रमुखहरूसमेत सहभागी कार्यक्रममा प्रधानमन्त्री ओलीले स्वच्छता, पारदर्शिता र सेवा प्राप्ति नागरिकको हक भएकाले त्यो अधिकार उपलब्ध गराउने मामिलामा राज्यका सबै निकाय उत्तिकै चलायमान हुनुपर्नेमा जोड दिए । भ्रष्ट आचरण भएका व्यक्ति छन् भने पदासीन भए पनि तिनले मनदेखि अरूको सम्मान नपाउने उनको भनाइ छ । उनले संयुक्त राष्ट्रसङ्घको भनाइ उद्धृत गर्दै 'कोही पनि पछि नपरून्' (नो वान लेफ्ट बिहाइन्ड) भनेर मानिसका जैविक आवश्यकता परिपूर्ति र सम्मानित एवम् सुरक्षित जीवनयापनका लागि दृढ सङ्कल्प गर्न आग्रह गरे ।

# अकासेपानीले दिएको आशा...

चर्किएको हो । पर्सामा कृषकको वार्षिक मागअनुसार सरकारी अनुदानको मल आपूर्ति करिब ६० प्रतिशतमा सीमित छ । कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडमार्फत मात्रै वितरण हुने सरकारी मल खेतीयोग्य जमिनको क्षेत्रफल, अघिल्लो वर्षको खपत र बाली सघनताका आधारमा कोटामा बाँडिन्छ ।

जिल्लाका १४ पालिकामा करिब १०९ डिलरमार्फत वितरण हुने मल पर्याप्त नहुँदा धेरै कृषक खाली हात फर्किन बाध्य छन् । कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगंजका प्रमुख दुर्गाप्रसाद पाण्डेयका अनुसार आव २०८१/८२ मा पर्सामा १० हजार ९४७ मेट्रिक टन मल बिक्री गरिएको छ । त्यसमा युरिया ५ हजार ३६५ मेट्रिक टन, डिएपी ५ हजार १२६ मेट्रिक टन र पोटास ४३५ मेट्रिक टन छन् । साथै, २०.९० मेट्रिक टन चुन पनि वितरण गरिएको छ । उनले भने, 'पछिल्ला वर्षमा कृषकले अत्यधिक मात्रामा मल प्रयोग गर्ने भएकाले सीमित कोटाको मलले पुर्याउन सकिरहेको छैन ।'

साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड मधेश प्रदेश कार्यालयका प्रमुख आमोज लामिछाने भन्छन्, 'सरकारी कोटाअनुसार पर्सामा ९ प्रतिशत मल मात्र प्राप्त हुने हो । तर, करिब १३ प्रतिशतसम्म वितरण गर्दा पनि अभावको गुनासो आउँछ ।'

गत आव २०८१/८२ मा साल्ट ट्रेडिङले पर्सामा २ हजार १७९.२०० मेट्रिक टन युरिया, ५५९.४०० मेट्रिक टन डिएपी र ७७.६५० मेट्रिक टन पोटास वितरण गरेको छ । अघिल्लो वर्ष युरिया २ हजार ४४६.८०० मेट्रिक टन, डिएपी २ हजार ५१४ मेट्रिक टन र पोटास ९९.२०० मेट्रिक टन वितरण गरिएको थियो ।

लामिछानेका अनुसार, यहाँ नगदेबाली उखु, सुर्ती र माछापालनमा समेत युरिया मलको प्रयोग हुने भएकाले अभाव चर्किन्छ । जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालका अनुसार, कतिपय कृषि उपभोक्ता समितिले सरकारी अनुदानमा पाएको मल सस्तोमा किसानलाई वितरण गर्नुपर्ने भए पनि निजी एग्रोभेट कम्पनीलाई बिक्री गर्ने गरेका छन् ।

'यस्ता गुनासोहरू आएका छन्,' अर्याल भन्छन्, 'प्रशासनले नियमित अनुगमन गरेर दोषीलाई कारबाही गर्छ । साथै पारदर्शी र व्यवस्थित वितरण संरचना बनाउन आग्रहसमेत गरिएको छ ।'

# बागमती प्रदेशसभाको नयाँ भवनमा पहिलो बैठक

**प्रमोद सहनी**
**मकवानपुर ।**
बागमती प्रदेशका मुख्यमन्त्री इन्द्र बहादुर बानियाँले मंगलबार प्रदेशसभामा बहुमतको विश्वासको मत हासिल गरेका छन् । नयाँ भवनमा पहिलोपटक बसेको प्रदेशसभा बैठकमा उनले संविधानको धारा १६८(४) र प्रदेश सभा नियमावली, २०७४ को नियम १४३(४) बमोजिम विश्वासको मत लिने प्रस्ताव पेस गरेका थिए । मतदानमा नेपाली कांग्रेसका ३६ र नेकपा एमालेका २७ गरी कुल ६३ सांसदले प्रस्तावको पक्षमा मत दिएका छन् । प्रदेशसभाको कुल ११० सदस्यमध्ये सरकार गठनका लागि ५६ मत आवश्यक पर्छ । विपक्षमा नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, राप्रपा र हाम्रो नेपाली पार्टीका २२ सांसदले मतदान गरे । नेकपा (नेमकिपा) का सांसदहरू भने तटस्थ रहे । बैठकमा जम्मा ९२ सांसद उपस्थित थिए । छलफलका क्रममा एमालेबाट जगन्नाथ थपलिया, नेकपा माओवादी केन्द्रबाट शालिकराम जम्कट्टेल, राप्रपाबाट उद्धव थापा, एकीकृत समाजवादीबाट



कृष्ण प्रसाद शर्मा खनाल र नेमकिपाबाट सुरेन्द्र राई गोसाईले आफ्नो धारणा राखेका थिए । विश्वासको मत पाएपछि सभामुख भुवनकुमार पाठकले प्रदेशसभा बैठक बुधबार बिहान ११ बजेसम्मका लागि स्थगित गरे । पाँच वर्ष लामो प्रतीक्षा मंगलबार टुंगिँदै बागमती प्रदेशसभा आफ्नै स्थायी भवनमा प्रवेश गरेको छ ।

२०७७ साल मंसिर १० गते शिलान्यास गरिएको प्रि–फ्याब संरचनायुक्त यो भवन मंगलबारदेखि औपचारिक रूपमा प्रयोगमा आएको हो । सोमबार आयोजित विशेष समारोहमा भौतिक पूर्वाधार विकासमन्त्री डा. दिनेश चन्द्र देवकोटाले भवनको साँचो सभामुख भुवनकुमार पाठकलाई हस्तान्तरण गरेका थिए । साँचो प्राप्त गरेपछि सभामुखले नयाँ भवन उद्घाटन गर्दै यसलाई प्रदेशको लोकतान्त्रिक अभ्यासको स्थायी मञ्चका रूपमा विकास गर्ने संकल्प व्यक्त गरे । उनका अनुसार, 'यो भवन केवल इँटा र सिमेन्टको संरचना होइन, यो प्रदेशको राजनीतिक इतिहासको गवाही हो ।' शहरी विकास तथा भवन कार्यालय हेटौंडाले २०७७ कात्तिकमा अर्घाखाँची सगुन पारामाउन्ट जेभीसँग १८ महिनाभित्र भवन निर्माण सम्पन्न गर्ने सम्झौता गरेको थियो । सम्झौताअनुसार २०७९ वैशाख २१ गतेभित्र काम सकिनुपर्ने भए पनि ठेकेदारको ढिलाइ र प्राविधिक कारणले परियोजना सम्पन्न हुन पाँच वर्ष लाग्यो । शुरूमा एकै चरणमा सम्पन्न गर्ने लक्ष्य भए पनि अन्ततः दुई चरणमा मात्र निर्माण सकियो । यस क्रममा बजेट व्यवस्थापन, जनशक्ति अभाव, र सामग्री आपूर्तिमा ढिलाइ प्रमुख चुनौतीका रूपमा देखा परे । ईपीएस स्यान्डवीच प्रविधिबाट बनेको २५० जनाको क्षमता भएको सभा हलको कुल लागत १२ करोड २९ लाख रुपैयाँ पुगेको छ । भवनमा आधुनिक ध्वनि प्रणाली, सुरक्षा उपकरण, वातानुकूलन, छुट्टाछुट्टै कार्यकक्ष, छलफल कक्ष, सञ्चारकर्मी कक्ष र आगन्तुकका लागि विश्राम स्थलको व्यवस्था छ । दिव्याङ्गमैत्री प्रवेशद्वार र आकस्मिक उद्धार मार्गसहितको यो भवनलाई दीर्घकालीन उपयोगका लागि मजबुत बनाइएको छ । भवन तयार नहुँदासम्म प्रदेशसभा हेटौंडाको क्षेत्रीय शिक्षा निर्देशनालयको भवनबाट सञ्चालन हुँदै आएको थियो । त्यहाँ स्थान र सुविधा अभावका कारण बैठक सञ्चालनदेखि फाइल व्यवस्थापनसम्म धेरै कठिनाइ झेल्नु परेको थियो । अब नयाँ भवन प्रयोगमा आएसँगै बैठक सञ्चालन, छलफल, कानूनी प्रस्ताव तथा विधेयक पारित गर्ने प्रक्रिया सहज र व्यवस्थित हुने विश्वास लिइएको छ । उद्घाटन समारोहमा विभिन्न राजनीतिक दलका नेताहरू, मन्त्रीहरू, स्थानीय तहका प्रतिनिधि, प्रशासनिक निकायका प्रमुख र सरोकारवालाहरूको उपस्थिति थियो । वक्ताहरूले नयाँ भवन प्रदेशको राजनीतिक पहिचान र जनप्रतिनिधित्वको आधारस्तम्भ बन्ने विश्वास व्यक्त गरे । जनतामा पनि नयाँ उत्साह देखिएको छ । उनीहरूका अनुसार अब प्रदेशसभा बैठकहरू नियमित, पारदर्शी र परिणाममुखी हुनुपर्छ ।

# डुबेर दुई बालकको मृत्यु

**वीरगंज ।**
ठोरी गाउँपालिका–२ मा अवस्थित ढेँडुखोलामा डुबेर एकै घरका दुई बालकको मृत्यु भएको छ । ठोरी–२ ढेँडुखोलाका मनोज कठायतका आठ वर्षीय छोरा अंश कठायत र चार वर्षीय छोरा आयांस कठायतको मंगलबार बिहान १० बजेको आसपासमा खोलामा नुहाउने क्रममा अचानक डुबेर मृत्यु भएको पर्सा प्रहरीका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक किशोर लम्सालले जानकारी दिए । 'ढेँडुखोलामा नुहाउने क्रममा दुई बालक अचानक डुबेर पानी माथि तैरिरहनेको अवस्थामा स्थानीयले उद्धार गरेर स्वास्थ्यचौकी ठोरीमा पुर्याएका थिए', उनले भने, 'स्वास्थ्यकर्मीले स्वास्थ्य जाँच गर्दा दुवै बालकको मृत्यु भएको जानकारी प्राप्त भएको छ ।' पर्सा प्रहरीका सूचना अधिकारी लम्सालले आवश्यक मुचल्का तयार पारेर मृतक बालकको शवलाई पोष्टमार्टमका लागि नारायणी अस्पताल ल्याइएको जानकारी दिए । रासस

# कृषि मल व्यवस्थापनबारे ठोस योजना ल्याउन निर्देशन

**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले तीन दिनभित्र कृषि मल व्यवस्थापन र उत्पादन वृद्धिबारे ठोस योजना ल्याउन निर्देशन दिएका छन् । मंगलबार सिंहदरबारमा कृषि र उद्योगमन्त्रीसहित सम्बद्ध अधिकारीहरूसँगको छलफलपछि तीन बुँदे निर्देशन दिएका हुन् । उनले रासायनिक मलको आपूर्ति व्यवस्था चुस्त दुरुस्त गराउन नयाँ ढाँचासहितको ठोस योजना ल्याउन निर्देशन दिए । साथै कम्पोष्ट र आग्र्यानिक मलको उत्पादन र प्रयोगका लागि राष्ट्रिय अभियान संचालन तथा यसमा अनुदान नीतिको प्रस्ताव ल्याउन समेत प्रधानमन्त्री ओलीले निर्देशन दिए । यस्तै माटोको उर्वरा बचाउने खालको रासायनिक मल कारखाना नेपालमै खोल्न अध्ययनको खाका ल्याउनसमेत प्रधानमन्त्री ओलीले निर्देशन दिए ।

# 'व्यवसायजन्य रोग' को कानुनी मान्यता

**मधेशदृष्टि**
**काठमाडौँ ।**
सरकारले पहिलो पटक कामको सिलसिलामा लाग्ने विभिन्न रोगहरूलाई 'व्यवसायजन्य रोग' को कानुनी मान्यता दिएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम नियमावली, २०७५ अनुसार यी रोगहरूको सूची राजपत्रमा प्रकाशित गरेको हो । यो निर्णयले कार्यस्थलको धुलो, रसायन, कोलाहल वा कामको प्रकृतिका कारण श्रमिकमा देखिने स्वास्थ्य समस्यालाई व्यक्तिगत समस्याको रूपमा नभई कानुनी रूपमा सम्बोधन गरेको छ । यसले लाखौं श्रमिकको स्वास्थ्य अधिकार सुरक्षित गर्न र रोजगारदातालाई आफ्नो कार्यस्थल सुरक्षित बनाउन थप जिम्मेवार बनाउनेछ । सरकारले मान्यता दिएका व्यवसायजन्य रोगहरूलाई विभिन्न आठ श्रेणीमा विभाजन गरिएको छ । कार्य गतिविधिहरूबाट उत्पन्न हुने एजेन्टहरूको सम्पर्कको कारण हुने व्यवसायजन्य रोगहरूमा रासायनिक एजेन्टहरूको कारण हुने रोगहरू, भौतिक एजेन्टहरूको कारण हुने रोगहरू, जैविक एजेन्टका कारण हुने संङ्क्राकम वा परजीवी रोगहरू रहेका छन् ।

# अनलाइन सञ्चारमाध्यम दर्ता प्रावधानविरुद्ध सर्वोच्चमा रिट

**मधेशदृष्टि**
**काठमाडौँ ।**
अनलाइन सञ्चारमाध्यम जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्ने नयाँ प्रावधानविरुद्धको रिट मंगलबार सर्वोच्च अदालतका न्यायाधीश नित्यानन्द पाण्डेयको इजलासमा परेको छ । अनलाइन सञ्चारमाध्यम निर्देशिकाअनुरूप सूचना तथा प्रसारण विभागमा दर्ता गरिँदै आएको थियो । त्यसलाई बन्द गर्ने गरी सरकारले छापाखाना तथा प्रसारणसम्बन्धी ऐन संशोधनको सूचना यही साउन १४ गते राजपत्रमा प्रकाशन गरेको थियो । योसँगै अनलाइन सञ्चारमाध्यमको दर्ता तथा नवीकरण विभागबाट नहुने सूचना साउन २० गते निकालियो । सरकारको निर्णय र विभागको सूचना बदर गरी अनलाइन सञ्चारमाध्यमलाई निर्देशिकाअनुरूप नै दर्ता गर्ने आदेश माग गर्दै अधिवक्ता अनिल आचार्यले सर्वोच्चमा सोमबार रिट दायर गरेका हुन् ।

# रास्वपा र राप्रपाद्वारा संसद बैठक बहिष्कार

**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले मंगलबारको प्रतिनिधिसभाको बैठक बहिस्कार गरेका छन् । भिजिट भिसा प्रकरणको छानबिनका लागि संसदीय विशेष छानबिन वा उच्चस्तरीय न्यायिक छानबिन नगरिएको भन्दै दुवै दलले बैठक बहिस्कार गरेका छन् ।

सभामुख देवराज घिमिरेले सभा शुरु भएको जानकारी गराए लगत्तै राप्रपा र रास्वपाका सांसदहरूले उठेर विरोध गरेका थिए । त्यसपछि सभामुख घिमिरेले रास्वपा सांसद शिशिर खनाललाई बोल्न दिएका थिए ।

उनले भिजिट भिसा प्रकरणमा आफूहरूको माग अनुरूप छानबिन गर्न समिति नबनाइएकोले नबन्दासम्म विरोध गरिरहने बताए । त्यतिमात्र नभई उनले मन्त्रिपरिषद्का सदस्यहरू विभिन्न काण्डमा मुछिएको भन्दै छानबिन गर्न माग गरे ।

त्यसपछि सभामुख घिमिरेले राप्रपाका सांसद विना लामालाई बोल्ने समय दिए । उनले पनि सधैँजस्तै भिजिट भिसा प्रकरणमा आफूहरूले उठाउँदै आएको माग बमोजिम समिति गठन नभएकाले नहुँदासम्म आफूहरूको विरोध जारी रहने बताए ।

# विद्युत खरिदका लागि सहमति प्रदान

**मधेशदृष्टि**
**काठमाडौँ ।**
भारत सरकारले नेपालबाट थप २०० मेगावाट विद्युत खरिदका लागि सहमति प्रदान गरेको छ । पाँच जलविद्युत् आयोजनाबाट उत्पादित बिजुली आयातका लागि भारत सरकारले अनुमति दिएको नेपाल विद्युत प्राधिकरणले जनाएको छ । यसअघि नेपालबाट ८१०.९ मेगावाट विद्युत आयातका लागि भारतले अनुमति दिएको थियो ।

अब नेपालबाट भारतमा १०११ मेगावाट विद्युत निर्यातको बाटो खुलेको छ । बंगलादेशमा समेत नेपालले ४० मेगावाट विद्युत निर्यात गर्दै आएको छ । यस हिसाबले नेपालको कुल निर्यात स्विकृति १०५०.९ मेगावाट पुगेको छ । अहिले स्वीकृति प्राप्त २ सय मेगावाट विद्युत निर्यातको अनुमति ३१ अक्टोबरसम्म कायम रहने प्राधिकरणले जानकारी दिएको छ ।

# डिप बोरिङ सञ्चालनमा ल्याउन आग्रह

**मधेशदृष्टि**
**जनकपुरधाम ।**



केही दिनको सामान्य वर्षाले मधेश प्रदेशका किसान र सर्वसाधारणलाई केही राहत दिएको छ। तर, दीर्घकालीन रुपमा खानेपानी तथा सिँचाइ समस्याको समाधान गर्न आवश्यक रहेकोमा जिल्लाका विपत् व्यवस्थापन समितिका सदस्यहरूले जोड दिएका छन्। धनुषा जिल्लामा हाल ५४ वटा डिप बोरिङमध्ये ४९ वटा बन्द अवस्थामा रहेको तथ्य सार्वजनिक भएको छ। लक्ष्मीनिया गाउँपालिकाका अध्यक्ष भोगेन्द्र मिश्रले सबै डिप बोरिङ सञ्चालनमा आएमा खानेपानी र सिँचाइको करिब ९५ प्रतिशत समस्या समाधान हुने बताए। त्यस्तै, नगराइन नगरपालिकाका नगरप्रमुख विनय यादवले पनि पुराना डिप बोरिङ पुनः सञ्चालन गर्दा खानेपानी र सिँचाइमा ठूलो सुधार आउने विश्वास व्यक्त गरे। गणेशमान चारनाथ नगरपालिकाका नगरप्रमुख जीतनारायण यादवले भने, 'हामीले ९५ प्रतिशत रोपाइँ गरेका छौं । तर, पानी नपरेमा धान सुक्ने जोखिम छ ।' जिल्ला विपत् व्यवस्थापन समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी शङ्करहरि आचार्यले नयाँ डिप बोरिङ जडानको साटो पुराना बन्द बोरिङहरू पुनः सञ्चालनमा ल्याउन सबै सरोकारवालाले समन्वय गरी काम गर्नुपर्ने धारणा राखे। कार्यक्रममा सहभागीहरूका अनुसार स्थानीय तह र सम्बन्धित निकायबीच सहकार्य गरेर जलस्रोत पुनः सञ्चालनमा ल्याउने कार्यलाई प्राथमिकतामा राख्न आवश्यक छ ।

# युवाहरुलाई अरुको पछि नलाग्न सिंहको सुझाव



**मधेशदृष्टि**
**वीरगंज ।**

संघिय सांसद डा. अमरेश कुमार सिंहले युवाहरुलाई अरुको पछि नलागि उच्च मनोवलका साथ आफ्नै पछि लाग्न सुझाव दिएका छन् ।
उनले नेपाली राजनीतिको विकृति रुपको शिकार युवाहरु समेत भएकाले राजनीतिमा शुद्धिकरणका निम्ति युवाहरुको भूमिका महत्वपूर्ण रहेको उल्लेख गरे । सचि प्रेम फाउण्डेशनले वीरगंजमा आयोजना गरेको कार्यक्रममा बोल्दै उनले सो कुरा बताएका हुन् ।
यसैगरी मानुषी एमी भट्टराई, डा.दिपक शाक्य, रामजी अधिकारी, विष्णु बसेल, जितेन्द्र सोनल, ओम प्रकाश सर्राफ लगायतकाले समाज र राष्ट्र रुपान्तरणका लागि स्वदेशमै रही युवाहरु एकजुट भएर अघि बढनु पर्ने बताए । विभिन्न क्षेत्रका विकृतिलाई चिर्न युवाहरु सक्षम रहेको उनीहरुको भनाइ थियो । कृष्ण मोहन सहनीको अध्यक्षतामा भएको कार्यक्रममा डा. सुष्मा तिवारी, के.भी. ब्रम्हचार्य लगायत विद्यार्थीहरुको उल्लेख्य संख्यामा उपस्थिति रहेको थियो ।

# एमसिएच क्लिनिक र चमेना गृहको उद्घाटन

**राकेश यादव**
**रौतहट ।**



मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले मंगलवार रौतहट जिल्लाको गौरस्थित प्रादेशिक अस्पतालमा मातृ शिशु स्वास्थ्य (एमसिएच) क्लिनिक र चमेना गृहको उद्घाटन गरेका छन् । उद्घाटन समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री सिंहले सरकारी अस्पतालप्रति आम नागरिकको विश्वास बढाउन आवश्यक रहेको बताए । न्यूनतम खर्चमा नागरिकले गुणस्तरयुक्त स्वास्थ्य सेवा पाउने अवस्था सिर्जना गर्न स्वास्थ्यकर्मीलाई निर्देशन दिँदै उनले गौर प्रादेशिक अस्पतालमा नर्सिङ पढाइ शुरु गर्न पहल गर्ने आश्वासन दिए ।
उनले गैरकानुनी रूपमा सञ्चालित निजी अस्पतालहरूलाई आफुले अनुगमनमार्फत बन्द गराएको उल्लेख गर्दै तीमध्ये केहीले स्थानीय तहको अनुमति लिएर पुनः सञ्चालनमा आएका भए पनि अधिकांशले मापदण्ड पूरा नगरेको जानकारी प्राप्त भएको बताए ।
अस्पताल अनुगमनलाई निरन्तरता दिइने उनको भनाइ थियो । स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधन प्रसाद सिंहले संघीयता अघि र पछि अस्पतालको अवस्थामध्ये स्पष्ट फरक देखिन थालेको उल्लेख गर्दै प्रदेश सरकार मधेशलाई स्वस्थ्य बनाउने दिशामा अग्रसर रहेको बताए ।
सो कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. प्रमोद यादवले संघीयता आएपछि प्रादेशिक अस्पतालहरू सुधारको नमुना बन्न थालेको र मन्त्रालयले कुनै विभेद नगरी सबै अस्पतालको विकासमा ध्यान दिइरहेको बताए ।

# बलान नदीमा डुबेर बालक बेपत्ता

**सिरहा ।**

सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका–३ स्थित परीयारपुरका शिवकुमार यादवका १४ वर्षीय घनश्याम यादव बलान नदीमा डुबेर बेपत्ता भएका छन् । सोमबार बिहान नुहाउने क्रममा डुबेका घनश्यामको खोजी कार्य जारी रहे पनि अहिलेसम्म फेला परेका छैनन् । नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयवासीसहित खोजतलासमा तालिम प्राप्त विपद् व्यवस्थापन टोली परिचालन गरिएको सशस्त्र प्रहरी बल नं ७ गणका प्रमुख, सशस्त्र प्रहरी उपरीक्षक नरेश भण्डारीले जानकारी दिए । बलान नदीको पानी धमिलो हुनुका साथै बगेर आउने बालुवाको थुप्रोले खोजीमा कठिनाइ भएको उनले बताए । 'नदीमा अत्यधिक बालुवा जमेको छ, जसले बालकलाई पुरेको हुनसक्ने अनुमान गरेका छौँ', उनले भने । नदीको बहाव, पानीको गहिराइ र जोखिमलाई मध्यनजर गर्दै सशस्त्र प्रहरी बलले प्रदेश कार्यालय बर्दिबासमार्फत गोताखोर टोलीको माग गरेको थियो । नदीले बालकलाई बगाएर भारतीय सीमा पार गराएको हुनसक्ने सम्भावनालाई ध्यानमा राख्दै भारतीय सुरक्षाकर्मीसँग समन्वय गरिएको भण्डारीले बताए । रासस

# लालपूर्जा नपाएपछि चौथो चरणको आन्दोलन घोषणा

**मधेशदृष्टि**
**सप्तरी ।**

विगत दशकौँदेखि ब्लक र बिटोरी जग्गाको लालपूर्जा नपाएको पीडा भोगिरहेका सप्तरीका राजविराजवासीहरूले आन्दोलनको चौथो चरण घोषणा गरेका छन्। आन्दोलनरत सङ्घर्ष समितिले आफ्ना मागहरू पूरा नगरेपछि भदौ ५ गतेदेखि विभिन्न कार्यक्रम सञ्चालन गरी सरकारमाथि दबाब दिने तयारी गरेको छ। संघर्ष समितिका संयोजक इरसाद अन्सारीले प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई ६ बुँदे माग सहित ज्ञापनपत्र बुझाउँदै आन्दोलनको घोषणा गरेका थिए। घोषित कार्यक्रम अनुसार भदौ ५ गते गजेन्द्र चोकमा पत्रकार सम्मेलन, ७ गते लाठी जुलुससहित खबरदारी सभा, ९ गते सिटी जुलुस प्रदर्शन, ११ गते राजविराज नगरपालिकामा दुई घण्टा धर्ना, १४ गते मसाल जुलुस र १५ गते बजार बन्द तथा नगरपालिका कार्यालयमा तालाबन्दी गरिनेछ। त्यसैगरी भदौ १६ गते सङ्घर्ष समिति र नगरवासीको बृहत् बैठक बसेर पाँचौँ चरणको आन्दोलन घोषणा गरिने छ। राजविराज हटियामा निर्माणाधीन व्यवसायिक कम्प्लेक्सको छिटो सम्पन्न गरी व्यापारीलाई हस्तान्तरण, खाडो नदी तटबन्ध क्षेत्रका जग्गाहरूको नापी कार्य, राजविराज–कञ्चनपुर सडक खण्ड निर्माणमा देखिएका समस्या समाधान, सीमा नाकामा विषादी परीक्षणका लागि क्वारेन्टाइनको व्यवस्था, लामखुट्टे नियन्त्रणका लागि औषधी छर्कने र सप्तरी सीमा नाकामा वर्षौंदेखि बन्द रहेका छोटी भन्सार कार्यालयको पुनः सञ्चालन गराउनुपर्ने माग गरिएको छ । वि.स. २०१६ सालदेखि स्थापना भएको राजविराज नगरपालिकामा करिब ७० विगाहा जग्गामा बसोवास गर्ने ५ हजार २ सय परिवार अझै लालपूर्जा प्राप्त गर्न पाएका छैनन् ।

# निःशुल्क हेमोडायलाइसिस सेवा शुरु

**मधेशदृष्टि**
**वीरगंज ।**

नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको 'विपन्न नागरिक औषधि उपचार कार्यक्रम' अन्तर्गत वीरगंजस्थित नेपाल मेडिसिटी वयोधा अस्पतालमा निःशुल्क हेमोडायलाइसिस सेवा शुरु भएको छ । मृगौलासम्बन्धी रोगबाट पीडित विपन्न नागरिकहरूलाई लक्षित सेवाले आर्थिक बोझ कम गरी उनीहरूको जीवनस्तर सुधार्ने महत्त्वपूर्ण लक्ष्य राखेको छ । मधेश प्रदेशका बिरामीहरूलाई स्थानीय स्तरमै गुणस्तरीय उपचार प्रदान गर्न नेपाल मेडिसिटी वयोधा अस्पताललाई कार्यक्रमअन्तर्गत सूचीकृत गरिएको छ । मृगौलासम्बन्धी रोगको उपचारमा नियमित र महँगो प्रक्रिया हेमोडायलाइसिसको खर्च धान्न नसक्ने परिवारलाई सेवाले ठूलो राहत प्रदान गर्ने विश्वास गरिएको छ ।

# मानवअधिकार र कैदी बन्दी न्यायिक सरोकार मञ्च गठन

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंज महानगरपालिका–१६ स्थित नगवा धर्मशालामा मंगलबार मानव अधिकार तथा कैदी बन्दी न्यायिक सरोकार मञ्च नेपाल जिल्ला समिति पर्सा गठन भएको छ । नवगठित समितिको अध्यक्षमा रमेश प्रसाद सर्राफ चयन भएका छन् भने उपाध्यक्षमा राजु बैठा, सचिवमा अन्जय कुमार पटेल र कोषाध्यक्षमा रिजवान अली नियुक्त भएका छन् । समितिका सदस्यमा महेश साह, हरेन्द्र प्रसाद, इम्तियाज अली, श्याम सर्राफ लगायतका सामाजिक अभियन्ता रहेका छन् ।
कार्यक्रममा विभिन्न सामाजिक अभियन्ता, मानवअधिकारकर्मी तथा स्थानीय नागरिकहरूको उपस्थिति रहेको थियो । समितिले पर्सा जिल्लामा मानवअधिकार र कैदी बन्दीसम्बन्धी न्यायिक विषयमा सचेतना फैलाउने र प्रभावित पक्षका हकहितका लागि आवाज उठाउने बताएको छ । स्थानीय तह, सरकारी निकाय र न्यायालयसँग समन्वय गरेर मानवअधिकारको संरक्षण र न्यायिक प्रक्रिया सुदृढ गर्ने उद्देश्यले काम गर्ने समितिले जनस्तरमै अभियान सञ्चालन गर्ने योजना बनाएको छ । समितिले आगामी दिनहरूमा कैदी बन्दीहरूको अवस्थाबारे अनुसन्धान तथा सहयोगका कार्यक्रमहरू संचालन गर्ने तयारी गरेको छ ।

# २४ हजार बिरुवा रोपेर वन संरक्षण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**



सबडिभिजन वन कार्यालय गोदारले धनुषाको गणेशमान चारनाथ नगरपालिका–६ रक्ताही कमला क्षेत्रभित्र पर्ने १६ हेक्टर वनक्षेत्रको अतिक्रमित जमिन खाली गरी वृक्षरोपण गरेर संरक्षणमा महत्वपूर्ण पहल गरेको छ। वन क्षेत्रको अनधिकृत किनबेच र अतिक्रमण बढ्दै गएपछि कार्यालयले सक्रियता देखाउँदै उक्त जमिनलाई अतिक्रमणमुक्त बनाएको हो। वन अधिकृत भगलु मण्डलका अनुसार हालसम्म ३० हेक्टर जमिनमध्ये १५ हेक्टर अतिक्रमणमुक्त गरिसकिएको छ ।
सो क्षेत्रमा विभिन्न प्रजातिका २४ हजार बिरुवा रोपिएको छ। स्थानीय र भूमाफियाबीच मिलेमतो गरी वनको जमिन कपाली तमसुक बनाएर किनबेच भइरहेको तथ्य सार्वजनिक भएपछि वन कार्यालयले जग्गा खाली गराएर संरक्षणका लागि कदम चाल्न थालेको हो। स्थानीयहरूले खेतीको नाममा वन क्षेत्र कब्जा गर्ने गरेको र अतिक्रमण गरिएका जमिन किनबेचमा परेको पाइएको छ। वन कार्यालयले अतिक्रमणमुक्त गरिएको जग्गालाई तारजालीले घेराबार गरी सुरक्षा र संरक्षणलाई थप मजबुत बनाएको छ भने बाँकी जमिन पनि चाँडै खाली गरेर वृक्षरोपण गरिने जानकारी वन अधिकृत मण्डलले दिएका छन्। २०५० सालतिर कमला नदीको ठूलो बाढीले वनक्षेत्र पुरिएपछि स्थानीयले त्यस क्षेत्रमा खेतीपाती गर्न थालेका थिए। तर केही व्यक्तिले जग्गा कपाली तमसुक बनाएर किनबेच सुरु गर्दा वन कार्यालय सक्रिय भएको हो। डिभिजन वन कार्यालय धनुषाका प्रमुख विनोद सिंहले वन जमिन अतिक्रमण र किनबेच गैरकानुनी भएको बताउँदै छानबिन प्रक्रिया अघि बढाइरहेको र स्थानीय तह, प्रशासन तथा सुरक्षा निकायसँग समन्वय गरेर थप अतिक्रमित जमिनहरू पनि चरणबद्ध रुपमा खाली गराइने बताए। आर्थिक वर्ष २०८१÷८२ मा धनुषामा ३० हेक्टर वनक्षेत्र अतिक्रमणमुक्त गरिसकिएको छ भने हालसम्म ८४२ हेक्टर वनक्षेत्र अझै अतिक्रमणको चपेटामा रहेको डिभिजन कार्यालयले जनाएको छ ।

# चन्द्र नहरको पानी अवरुद्ध हुँदा किसान मारमा

**मधेशदृष्टि**
**सप्तरी ।**

सप्तरीको कृषि क्षेत्रमा जीवनदायिनी भूमिका खेल्दै आएको चन्द्र नहर किनारमा भएका अतिक्रमण र पानीको बहावमा अवरोधले यहाँका किसानहरू मर्कामा परेका छन् । विगत केही समयदेखि स्थानीयहरूले नहरको किनारमा पसल, टहरा, रुख, बाँसलगायत विभिन्न संरचना निर्माण गरी पानीको स्वतन्त्र बहाव रोकिरहेका छन् । यसले मधेश प्रदेशका लाखौं किसानलाई पानी अभावमा पर्ने अवस्था सिर्जना गरेको छ । कोशी पम्प चन्द्र नहर सिँचाइ व्यवस्थापनका प्रमुख एकराज भट्टराईले जनाए अनुसार जिल्लाको फतेपुरदेखि गौइठी सम्मको क्षेत्रमा धेरै ठाउँमा नहरका शाखा नहर र भिसी नजिक अवैध रोकावट गरी पानी लगाइएको छ । यसले नहरको स्वरुप नै बिगारेको छ । स्थानीय किसान महेन्द्र यादवका अनुसार नहरको दुवै किनारमा पसल, टहरा, रुखझाडीका साथै अन्य संरचनाले गर्दा पानीको मार्ग अवरुद्ध भएको छ । साथै, स्थानीय उपेन्द्र मण्डलले भने, नहरमा आवश्यक भिसीहरू नहुँदा किसानहरूलाई खेतमा पानी लगाउन झन्झट भइरहेको छ । यसमा स्थानीय प्रशासन र प्रहरीले समेत कारबाहीमा तदारुकता नदेखाएको आरोप लगाइएको छ । प्रमुख जिल्ला अधिकारी भोला दाहालले अतिक्रमण गर्नेहरूको पहिचान अहिलेसम्म हुन नसकेकोले तत्काल कारबाही हुन नसकेको बताए । चन्द्र नहरको अवरोधका कारण सोनरा र कजौली क्षेत्रसम्म पानी पुर्याउन कठिनाइ भइरहेको छ । यो नहर सप्तकोशी, कञ्चनरुप, हनुमाननगर कंकालिनी नगरपालिका, तिरहुत, अग्निसायर कृष्णासवरण, महादेवा लगायतका धेरै गाउँपालिका क्षेत्रमा सिँचाइ सुविधा पुर्याउने मुख्य स्रोत हो । चन्द्र नहरको लम्बाइ २९ किलोमिटर छ । यसले वर्षमा १० हजार ५०० हेक्टर र हिउँदमा ६ हजार हेक्टर जमिनमा पानी पुर्याउने क्षमता राख्दछ । तर, हाल यसले करिब ७ हजार हेक्टर मात्रै सिँचाइ गर्न सकिरहेको छ । सप्तरी जिल्लामा कुल ८३ हजार २३० हेक्टर खेतीयोग्य जमिन रहेको छ भने चन्द्र नहरले मात्र एक अंशलाई सेवा दिन सकिरहेको छ । यस नहरमा ११ वटा शाखा नहर, ३८ वटा डाइरेक्ट आउटलेट, ५ वटा इनलेट, ४ वटा इस्केप, ८ वटा साइफन, १३ वटा लोकल ड्रेन साइफन, ३ वटा एक्वाडक्ट, २६ वटा भिलेज रोड ब्रिज, ६ वटा फुट ब्रिज र २ वटा वाटर फलसमेत रहेका छन् । स्थानीय किसान र सरोकारवालाहरूले नहरको संरचनागत अवस्था दुरुस्त नगरे र अवरोध हटाएसम्म सिँचाइमा समस्या निरन्तर रहने भन्दै तुरुन्त प्रभावकारी कदम चाल्न स्थानीय प्रशासनलाई आग्रह गरेका छन् । चन्द्र नहरको पानी प्रवाहमा अतिक्रमण र अवरुद्धता हटाएर किसानलाई सहज पानी आपूर्ति मिलाउनु आवश्यक छ । नत्र आगामी खेतीमा ठूलो क्षति हुनसक्ने र यो क्षेत्रका कृषकहरू मर्नासामु बाध्य हुने अवस्था सिर्जना हुनसक्ने चेतावनी दिइएको छ । सरकार र सम्बन्धित निकायले चन्द्र नहरको संरक्षण, अतिक्रमणमुक्ती र व्यवस्थापनमा ध्यान नदिँदा स्थानीय किसानहरू मात्र नभई सम्पूर्ण क्षेत्रको कृषि र खाद्य सुरक्षा जोखिममा पर्ने सम्भावना रहेको छ । यसैगरी स्थानीय तह, प्रशासन र प्रहरीले अतिक्रमण गर्नेहरूलाई छिटो पत्ता लगाएर कारबाही नगरे यो समस्या झन विकराल बन्न सक्ने स्थानीयको गुनासो छ । सिँचाइका लागि जल स्रोत सुरक्षित गर्नु मात्र होइन, दिगो व्यवस्थापन गर्नुपर्ने तत्काल आवश्यकता रहेको छ । कृषि प्रधान सप्तरीमा चन्द्र नहरको यथावत संरक्षण र व्यवस्थित सञ्चालनले मात्र यहाँका किसानको भविष्य सुरक्षित हुनसक्ने स्थानीयको विश्वास छ ।

सम्पादकीय

# युवालाई कहिलेसम्म विदेश मात्रै पठाउने ?

*विश्वभर साउन २७ गते अन्तरराष्ट्रिय युवा दिवस मनाएका छन । खास गरेर युवाहरुलाई दिवस निकै महत्वपुर्ण समेत मानिएको छ। तर अहिलेको अवस्थामा हाम्रो देशमा युवाहरु विदेश पलायनको एउटा गम्भीर समस्याको रुपमा देखा परेको छ। खास गरेर मधेशमा त झनै युवाहरुको मानसिकता नै विदेश जानुपर्छ भन्ने नै हो त्यसकारणले गर्दा समेत समस्याको अवस्था सृजना भएको छ । विमान स्थलमा दिनहुँ युवाहरु विदेश जाने लर्को लाग्ने गरेका छन । गरिबी र विपन्नताको कारणले गर्दा समेत समस्याहरु देखा परेको छ । राष्ट्रिय युवा परिषद्को आयोजनामा 'दिगो विकास र सुनौलो भविष्यको सारः स्थानीय युवाको सहभागितामा समृद्धिको आधार' भन्ने नाराका साथ नेपालमा पनि विभिन्न कार्यक्रम गरी यो दिवस मनाउन लागिएको छ। सरकारले यसरी बर्षेनि विभिन्न कार्यक्रम गरी युवा दिवस मनाउने थालेको २० वर्ष पुग्न थाल्यो । तर, सधँै एउटै मात्र प्रश्न उठने गरेको छ, युवाको समस्या उद्यमशीलता र रोजगारी ।तर अहिलेपनि युवाहरु रोजगारीको लागि विदेश जाने गरेका छन । त्यसकारणले गर्दा समेत युवाहरुलाई रोजगारी र उदम सिलतासंग जोडिने कुरा गरिएपनि उनिहरुको ती समस्यालाई समाधानको लागि कहिलेपनि कदमहरु चालिएन । नेपालमा प्रत्येक वर्ष लाखौं युवा श्रम बजारमा प्रवेश गर्छन्, तर त्यसको तुलनामा रोजगारी सिर्जना हुने दर निकै न्यून छ ।त्यसको कारण के हो भने हामीले युवाहरुको श्रमलाई आफनो उत्पादनसंग जोडने कुरा गरेका थियौ त्यो जोडन सकिएन त्यसकारणले समेत समस्या सृजना भएको हो । पठनपाठन सकिएपछि स्वदेशमा जागिर नपाएर विदेशिने युवाहरूको संख्या दिनदिनै बढिरहेको छ । वैदेशिक रोजगार विभागका तथ्याङ्कअनुसार, दैनिक झन्डै तीन हजार युवा श्रम स्वीकृति लिएर विदेश गइरहेका छन्। यो संख्या केवल औपचारिक हिसाबले मात्रै हो, अनौपचारिक माध्यमबाट जानेहरूलाई समेत गनेर हेर्ने हो भने यो संख्या झनै भयावह हुन्छ ।त्यसकारणले युवाहरुको श्रमसंग जोडनुपर्ने आवश्यकता रहेको छ। त्यो भएको खण्डमा मात्रै अहिलेको अवस्थामा समस्याहरु समाधान हुने हो । युवाहरुको श्रमलाई हामीले सम्मान गर्ने र उनिहरुको श्रमलाई यहा जोडिएको खण्डमा मात्रै समस्याको समाधान हुने छन।*

## विश्व हात्ती दिवसः बासस्थान अतिक्रमणले मानव–हात्ती द्वन्द्व बढ्दो

भीष्मराज ओझा



**काठमाडौँ ।**
हात्ती संरक्षण गर्ने उद्देश्यका साथ अगस्त १२ तारिखमा विश्वभर हात्ती दिवस मनाइन्छ ।नेपालमा पनि विभिन्न कार्यक्रम गरी हात्ती दिवस मनाइने गरेको छ । पछिल्लो समय खासगरी पूर्वी तराई क्षेत्रमा विविध कारणले मानव–हात्ती द्वन्द्व बढ्दो छ ।

हात्तीको बासस्थानको अतिक्रमणका कारण हात्ती मानव बस्तीमा पस्दा मानवीय, कृषि पशु तथा बाली र घरगोठमा क्षति हुने क्रम बढेको छ । बढ्दो मानव–हात्ती द्वन्द्व र कतिपय स्थानमा मानव बस्ती सुरक्षाका लागि भनेर राखिएका तारबाट करेन्ट लागेर हात्ती मर्ने गरेका छन् । त्यस्तै बासस्थानको क्षयीकरण र अतिक्रमण, हात्तीमार्गमा मानवबस्ती विस्तार, पूर्वाधार विकास निर्माणका कारण चोरी–सिकारी मुख्य चुनौती देखिएका छन् ।

सन् २००० देखि हालसम्म हात्तीको आक्रमणबाट नेपालमा ३४५ जनाको मृत्यु भएको छ भने मानिसको आक्रमणबाट तथा करेन्ट लागेर ५५ हात्ती मरेका छन् । यसबाहेक हरेक वर्ष हात्तीबाट हुने कृषि पशु तथा बाली र घरगोठको क्षतिको परिणाम ठूलो छ । हात्तीको क्षतिबाट खासगरी वन जङ्गल नजिक बस्ने गरिब समुदाय बढी प्रभावित हुने गरेका छन् ।

न्यूनीकरणका लागि वन तथा वातावरण मन्त्रालयले प्रभावकारी परियोजना निर्माण गरी कार्यान्वयन गर्न लागेको जनाएको छ । त्यसका लागि साझा धारणा बनाउन मन्त्रालयले सम्बन्धित विकास साझेदार संस्थासँग अन्तरक्रिया गरी सुझाव सङ्कलन गरिसकेको मन्त्रालयका प्रवक्ता शिवकुमार वाग्लेले बताए । साझेदार संस्थाको सहयोग र समन्वयमा आधुनिक प्रविधिका साथ स्थानीय सहभागितामा परियोजना बनाई तत्काल कार्यान्वयन गरिने उनको भनाइ छ ।

'मन्त्रालयले मानव–हात्ती द्वन्द्व न्यूनीकरणका लागि हालसम्म क्षति पु¥याउने हात्तीलाई सुरक्षित स्थानमा प्रवेश गराउने, उद्धार र उपचार, क्षतिका लागि राहतको व्यवस्था, सचेतना कार्यक्रम, फेन्सिङ तारबार, मृतकका परिवारलाई रोजगार तथा छात्रवृत्ति, वैकल्पिक खेतीको प्रोत्साहनलगायत काम गर्दै आएको छ', प्रवक्ता वाग्लेले भने ।

यसको समाधानका लागि शिक्षा र चेतनाका साथै स्थानीय जनताले वैकल्पिक खेतीका बारेमा समेत सोच्नुपर्नेमा विज्ञहरुको सुझाव छ । राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्यसचिव एवं हात्तीविज्ञ डा नरेश सुवेदीले प्रभावित क्षेत्रका मानिसमा बदलाको भावना कम गर्न राहतसम्बन्धी निर्देशिकालाई सरल बनाउनु अपरिहार्य रहेको धारणा व्यक्त गरे ।

हात्ती द्वन्द्व भएका क्षेत्रमा हात्तीप्रति सकारात्मक व्यवहार बनाउन सके दुई तिहाइ द्वन्द्व न्यूनीकरण हुने उल्लेख गर्दै उनले भने, 'यस्तो द्वन्द्व घटाउन हात्ती हिँड्ने कोरिडोर संरक्षण गर्नु आवश्यक छ । हात्तीको द्वन्द्व हुने स्थानमा तत्काल सम्बोधन गर्ने संयन्त्र गठन गर्नु पनि आवश्यक छ ।' सचेतनामार्फत स्थानीयको व्यवहार प्रतिवर्तन गर्न सके मात्र पनि हात्तीका कारण हुने मानवीय क्षति ७० प्रतिशतसम्म कम गर्न सकिने उनको धारणा छ ।

पछिल्लो तथ्याङ्कनुसार नेपालमा २३० जङ्गली हात्ती र सरकारी तथा निजी रुपमा पालिएका १८० हात्ती रहेका छन् । यस्तै, भारतबाट 'सिजन'मा थप जङ्गली हात्ती आउने र केही समय बसेर जाने गरेका छन् । विश्व वन्यजन्तु कोष नेपालका राष्ट्रिय प्रतिनिधि डा घनश्याम गुरुङले भारतीय सीमाबाट आउने हात्तीका कारण पनि क्षति हुने गरेको उल्लेख गर्दै यस सम्बन्धमा भारतसँग समन्वय गरी काम गर्नुपर्ने सुझाव दिए । हात्तीको आक्रमणबाट बच्न पछिल्लो समय सुरु गरिएको फेन्सिङ तार प्रविधि प्रभावकारी बनेको उल्लेख गर्दै उनले भने, 'स्थलमा खटिने कर्मचारीलाई स्रोत र सवारीसाधनले चुस्त बनाउनुपर्छ । हात्तीको रुट पहिचान गरी सो क्षेत्रमा हुने मानवीय क्षति कम गर्न सकिन्छ ।'

मानव–हात्ती द्वन्द्वबाट हुने क्षतिको अवस्था हेर्दा संरक्षण क्षेत्रभित्र र बाहिर बराबरी देखिन्छ भने मुख्य भित्री क्षेत्रमा खासै क्षति भएको देखिँदैन । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले मानव–हात्ती नेपालका पूर्वी तराई क्षेत्रमा भाले हात्तीको सङ्ख्या धेरै भएकाले तुलनात्मक बढी क्षति हुने गरेको बताए । बर्दिया क्षेत्रमा पोथी हात्तीको सङ्ख्या धेरै भएकाले तुलनात्मक कम क्षति हुने गरेको उनको भनाइ थियो ।

नेपालमा जङ्गली हात्तीका लागि उपयुक्त आवास क्षेत्र १२ हजार वर्ग किलोमिटर (तराईको उत्तरी भाग, भवर, चुरे क्षेत्रको केही भाग र भित्री तराईको केही भाग) रहेको छ । यसअन्तर्गत ६ संरक्षण क्षेत्र (पाँच राष्ट्रिय निकुञ्ज, एक वन्यजन्तु आरक्ष) रहेको वरिष्ठ इकोलोजिष्ट आचार्यले जानकारी दिए । तराईमा २३० जङ्गली हात्तीले नेपालको कुल जनसङ्ख्याको ५२ प्रतिशत (करिब एक करोड ५० लाख) मानिसहरूसँग एउटै आवास क्षेत्र साझा गर्छन् ।

हात्तीकै विषयमा विद्यावारिधि गरेका बर्दिया राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत डा अशोक रामका अनुसार तराईका रूपन्देही र पश्चिमी नवलपरासीबाहेक सबै जिल्लामा हात्ती पाइन्छ । 'परापूर्वकालदेखि नै हात्तीको ओहोरदोहर गर्ने हात्तीमार्गमा हाल बस्ती र खेती भएकाले त्यस्ता स्थानमा बेलाबेलामा हात्तीसँग मानिसको द्वन्द्व हुने गरेको छ । साथै मानिस र हात्तीले एउटै बासस्थान र आहार प्रयोग गर्ने गरेकाले पनि यो समस्या देखिएको हो', डा रामले भने ।

बासस्थान विनाश हुनु र खण्डीकरण हुनु मानव–हात्ती द्वन्द्वको मुख्य कारण बनेको उनको भनाइ छ ।

विश्वमा दुई प्रजातिका हात्ती पाइन्छन् । एसियाली र अफ्रिकी हात्ती । एसियाली हात्ती नेपाल, भारत, भूटानलगायत १३ राष्ट्रमा पाइन्छन् । तिनको सङ्ख्या हाल करिब ५० हजारको हाराहारीमा रहेको बताइन्छ । विश्व संरक्षण सङ्घले हात्तीलाई सङ्कटापन्न प्रजातिको सूचीमा राखेको छ । नेपालले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अन्तर्गत हात्तीलाई अनुसूची–१ मा राखेर यसको संरक्षणमा विशेष ध्यान दिएको छ ।रासस

## अन्तर्राष्ट्रिय युवा दिवसः युवालाई रोजगारी र उद्यमशीलताको आवश्यकता




**काठमाडौँ**
विश्वभर साउन २७ गते (अगस्त १२) अन्तरराष्ट्रिय युवा दिवस मनाइँदैछ । राष्ट्रिय युवा परिषद्को आयोजनामा 'दिगो विकास र सुनौलो भविष्यको सारः स्थानीय युवाको सहभागितामा समृद्धिको आधार' भन्ने नाराका साथ नेपालमा पनि विभिन्न कार्यक्रम गरी यो दिवस मनाउन लागिएको छ । सरकारले यसरी बर्षेनि विभिन्न कार्यक्रम गरी युवा दिवस मनाउने थालेको २० वर्ष पुग्न थाल्यो । तर, सधँै एउटै मात्र प्रश्न उठने गरेको छ, युवाको समस्या उद्यमशीलता र रोजगारी ।

राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेतले अहिले युवाको मुख्य समस्या भनेको उद्यमशीलता र रोजगारी रहेको बताउछन । 'युवामा स्वदेशमा नै केही गर्ने हुटहुटी छ । उनीहरु उद्यमशीलता बन्न खोजिरहेका छन्,' उनले भने, 'सरकारले उद्यमशीलता बन्न सहयोग गरोस् भन्ने ती युवाको चाहना रहेको छ । त्यस्ता युवालाई सरकारले केही लगानी गरेर उद्यमशीलता बनाउनु पर्दछ ।' उनले युवाले अहिले गफ र भाषण नचाहेको भन्दै काम खोजिरहेको बताए । सरकारले बजेटमा ल्याएका कार्यक्रमलाई कार्यान्वयन गरिदिए मात्र युवाको धेरै समस्या समाधान हुने उनको भनाइ रहेको छ । परिषद्का उपाध्यक्ष बस्नेतले राज्यले युवालाई सके रोजगार नभएर उद्यमशीलता बनाउनुपर्ने बताउछन । 'वर्षमा करिब पाँच लाख युवा श्रम बजार आउने गर्दछन् । तर ती सबै युवालाई रोजगार दिन राज्यले सक्दैन,' उनले भने, 'रोजगारी दिन नसकेका युवालाई राज्यले उद्यमशीलता बनाउने हो ।' करिब पाँच प्रतिशत मात्र स्वदेशमा रोजगारी पाउने अवस्था रहेको छ । उनले सरकारले सहुलियपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि २०७५ लाई सही तरिकाले कार्यान्वयन गर्न सके मात्र धेरै युवा आफैँ उद्यमशील बन्ने बताउछन । उनले उक्त कार्यविधिअनुसार युवालाई ऋण पाउन पनि प्रक्रिया कठिन रहेको बताए । उनले तीनवटै सरकारले युवा लक्षित सहुलियपूर्ण कर्जा ल्याएर युवालाई स्वदेशमा नै उद्यमशीलता बनाउन सकिने बताए ।

युवा दिवस मनाउनुको मूल उद्देश्य संविधानमा उल्लिखित युवासँग सम्बन्धित व्यवस्थालाई युवाको पक्षमा कार्यान्वयन गर्नु, युवा केन्द्रित राष्ट्रिय तथा अन्तरराष्ट्रिय कानुनका सवालमा बहस पैरवी गर्नु र युवा लक्षित मुद्दाका सवालमा स्थानीय राष्ट्रिय तथा अन्तरराष्ट्रिय सचेतना अभिवृद्धि गर्नु हो ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा युवा (राष्ट्रिय नीतिअनुसार १६–४० वर्ष उमेरको जनसङ्ख्या ४२.५६ प्रतिशत अर्थात् एक करोड २४ लाख १२ हजार १७३ रहेको छ । निर्वाचन आयोगको तथ्याङ्कअनुसार स्थानीय तहमा ३९.६५ प्रतिशत, प्रदेश तहमा २३.६३ प्रतिशत र प्रतिनिधिसभामा १३.९ र राष्ट्रियसभामा ६.७७ प्रतिशत युवा सहभागिता रहेको छ ।

नेपालको वर्तमान जनसाङ्ख्यिक संरचना हेर्दा युवा शक्तिको सङ्ख्या उच्च रहेको छ । यो जनशक्तिलाई उचित वातावरण दिनसके मात्र मान विकास र राष्ट्र निर्माणमा सकारात्मक गति हासिल गर्न सकिन्छ । देशभित्र युवाको क्षमता परिचालन गर्न कृषि, पर्यटन, जलस्रोत, सूचना प्रविधि र सेवा व्यवसायजस्ता क्षेत्रमा युवालाई परिचालन गर्नु आवश्यक छ ।

राष्ट्रिय युवा सङ्घ नेपालका अध्यक्ष क्षितिज थेवे अहिले युवाको समस्या रोजगारी र उद्यमशीलता रहेको बताउछन । उनले युवालाई रोजगारी दिन नसके पनि राज्यले उद्यमशीलता बनाउन सक्ने भन्दै युवामैत्री ल्याएका बजेट कार्यान्वयन गर्नुपर्ने उनको भनाइ छ । 'युवालाई अहिले मुख्य रोजगारी चाहिएको छ । त्यसपछि उनीहरुलाई आफैँ केही गर्नसक्ने खालको उद्यमशीलता बन्न खोजिरहेका छन,' उनले भने, 'उद्यमशीलता बन्न खोज्ने युवालाई सरकारले सहयोग गर्नु पर्दछ ।' युवा सङ्घका अध्यक्ष थेवेले आफ्नो सङ्गठनले तीन वर्षमा तीन लाख युवलाई उद्यमशीलता र ३० लाख जनालाई रोजगारी बनाउने अभियान चलाउन थालेको बताउछन ।

पछिल्ला वर्षहरुमा खासगरी सूचना तथा सञ्चार प्रविधि, पर्यटन, कृषि र ई–कमर्सजस्ता क्षेत्रमा युवाको उपस्थित बढ्दै गएको छ । कोही उद्यमी नै भएका छन् भने कोही 'स्टार्ट–अप'का रुपमा प्रवेश गरेका छन् । 'डिजिटल' प्रविधि र नवीनतामा आधारित उद्यम व्यवसायलगायतका विविध क्षेत्रप्रति युवाको चासो र आकर्षण बढिरहेको छ । यसले देशमा केही गर्न सकिन्छ भन्ने सन्देश दिइरहेको छ ।

नेपाल तरुण दलका केन्द्रीय सदस्य दिल लामाले युवालाई स्वरोजगारमुखी कार्यक्रम ल्याउनुपर्ने बताउछन । 'राज्यले युवालाई स्वरोजगारमुखी बनाउने नीति ल्याउनु पर्दछ । धेरै युवा मुलुकमा रोजगार नभए विदेसिन बाध्य भएका छन्,' उनले भने, अहिले मुलुकमा भन्दा विदेशमा धेरै युवा देखिन्छन् । ती युवालाई स्वदेशमा नै उद्यमशील बनाउने नीति सरकाले ल्याउनु पर्दछ ।' उनले युवालाई नीति निर्माणको तहमा पु¥याउन नसक्दा अपेक्षाकृत सफलता हासिल हुन नसकेको बताए । उनले आफ्नो सङ्गठन तरुण दलले युवालाई उद्यमशीलतर्फ अग्रसर गराइरहेको बताए ।

योङ्ग कम्युनिष्ट लिग (वाइसिएल)का अध्यक्ष पुष्प ओलीले युवालाई राज्य र समाजले हेर्ने दृष्टिकोणमा फरक आउनुपर्ने बताउछन । उनले नेपाल बस्ने युवा असफल हुन भनेर समाज र राज्यले भाष्य निर्माण गरेको हुनाले बदल्न आवश्यक रहेको बताए । उनले वाइसिएलले युवालाई श्रम र उत्पादनसँग जोड्ने कार्यमा अभियान सञ्चालन गरेको जानकारी दिए ।

**युवासँग सम्बन्धित सरकारी निकाय**

सरकारले युवा विकास तथा परिचालनका लागि २०६५ सालमा युवा तथा खेलकुद मन्त्रालय गठन गरेको थियो । यस्तै पहिलोपटक युवाको नेतृत्व तथा क्षमता विकास, उद्यमशीलताको विकास र स्वरोजगार, युवाको पहुँच र सहभागिताको सुनिश्चितसँगै समृद्ध राष्ट्र निर्माण गर्ने उद्देश्यसहित २०७२ फागुनमा राष्ट्रिय युवा परिषद् गठन गरिएको थियो । युवालाई स्वरोजगार बनाउनका लागि 'युवा स्वरोजगार कोष' पनि स्थापना गरिएको छ ।

साथै, राष्ट्रिय युवा नीति २०७२ र 'युथ भिजन २०२५' ले पनि युवा विकासका व्यापक विषयलाई नीतिगत रूपमा समावेश गरेको छ । यस्तै प्रदेश, जिल्ला र स्थानीय तहमा पनि युवाका संरचना तयार गरिएका छन् । प्रदेश युवा परिषद्, जिल्ला युवा समिति र युवा क्लब सञ्जाल गठन गरिएका छन् ।

परिषद्का उपाध्यक्ष बस्नेत युवाको विकासका लागि लक्षित गरी बनेका ऐन र नीति कार्यान्वयन हुन नसकेको गुनासो गरे । उनले युवासँग सम्बन्धित नीति कार्यान्वयनका लागि बजेटको उपलब्धता अन्त्यन्तै सीमित भएकाले पनि कार्यान्वयनमा समस्या भएको बताए ।

युवाका सवाललाई सम्बोधन गर्ने हेतुले संयुक्त राष्ट्र सङ्घले सन् १९९९ देखि हरेक वर्षको अगस्त १२ लाई अन्तरराष्ट्रिय युवा दिवसका रूपमा मनाउने निर्णय गरेसँगै सन् २००० देखि नियमित रूपमा विश्वभर युवा दिवसका सन्दर्भमा विविध कार्यक्रम हुँदै आएका छन् । नेपालमा भने युवासँग काम गर्ने सङ्घसङ्स्थाको अगुवाइमा सन् २००४ देखि यो दिवस मनाउन थालिएको हो । परिषद्कै अगुवाइमा २०७३ सालदेखि युवा दिवस मनाउन थालिएको हो ।

**युवाका कार्यक्रम छरिएर रहेका**

परिषद्का उपाध्यक्ष बस्नेत छरिएका युवाका लक्षित कार्यक्रमलाई एकीकृत ढङ्गले लैजान आवश्यक रहेको बताउछन । अहिले परिषद्को सदस्यका रुपमा आठवटा मन्त्रालय रहेका छन् । तर, ती मन्त्रालयका कामलाई एकीकृत गराउन नसकेको उनको भनाइ रहेको छ । 'हामीले युवा लक्षित सबै कार्यक्रम एकद्वार प्रणालीअन्तर्गत परिषद्बाट गरौँ भनेर पटकपटक सरकारले ध्यानाकर्षण गरायौँ,' उनले भने, 'युवाका कार्यक्रम एकीकृत गर्न नसक्दा प्रभावकारी काम हुन सकेका छैनन् । सरकारले जतिसक्दो युवाका कामलाई एकीकृत गर्नुपर्दछ ।'

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# सबै भूमिहीनलाई लालपुर्जा दिलाएर इतिहास रच्नुस्ः प्रधानमन्त्री

**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले वर्तमान सरकार स्थिर भएकाले ढुक्कका साथ काम गर्दै सबै भूमिहीनलाई लालपुर्जा दिलाएर इतिहास रच्न भूमि समस्या समाधान आयोगका केन्द्र र जिल्लाका पदाधिकारीहरूलाई आग्रह गरेका छन ।



आयोगको वार्षिक समीक्षा गोष्ठीलाई मंगलवार सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले पूर्णताः दिन बाँकी सबै जिल्लास्थित आयोगहरूलाई अबको दुई साताभित्र पूर्णता दिन पनि निर्देशन दिए । 'यो आयोग काम नगर्न वा विगतका जस्तै असफल हुनका लागि गठन गरिएको होइन । काम गर्नका लागि, परिणाम निकाल्नका लागि र लालपुर्जाविहीनलाई त्यसबाट मुक्त बनाउनका लागि गठन गरिएको हो', प्रधानमन्त्री ओलीले भने, 'भूमिहीन र अव्यवस्थित बसोबासीले जमिन पाउनुपर्छ । त्यसका लागि कामका सन्दर्भमा सरकारको कुनै सहयोग वा कानुन संशोधन आवश्यक भएमा हामी गर्छौं । मुलुकको विशेष परिस्थितिमा दुई ठूला दलको सहकार्यमा बनेको यो गठबन्धन ढुक्का साथ २०८४ सम्म जान्छ । हामी 'टालाटुली बाटुली, कति राम्री पुतली' भनेजस्तो गरेर के के भेला पारेर सरकार बनाउने पक्षमा छैनौँ । यस्तो स्थिर सरकारको समयमा आयोगलाई काम गर्न कुनै दुविधा हुँदैन र हुन दिइँदैन ।' उनले अनेक स्वार्थ समूहको प्रभावमा पर्न सकिने भएकाले त्यसबाट बचेर बदनाम नहुनेगरी काम गर्न पनि आयोगको नेतृत्वलाई आग्रह गरे ।

गोष्ठीमा गृहमन्त्री रमेश लेखकले मानिसलाई गुजाराका लागि एक महत्त्वपूर्ण साधन जमिन भएकाले जमिन नभएकाले लालपुर्जा पाउनुपर्ने संवैधानिक हकको कार्यान्वयनका लागि सरकारका तर्फबाट सबै सहयोग हुने विश्वास दिलाए ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले लामो समयदेखि थाँती रहेको भूमिको समस्याका लागि अहिलेको सरकारले विशेष पहल लिएर कानुनी तर्जुमाका सार्थ आयोग गठन गरी कामलाई तीव्रता दिएको बताए ।

आयोगका अध्यक्ष हरिप्रसाद रिजालले भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान, लगत सङ्कलन, प्रमाणीकरण, नाप नक्साङ्कन, विवाद समाधान तथा जग्गा दर्ता र प्रमाणपुर्जा वितरणसम्मको योजना बनाइ तिनै तहका सकारसँगको सहकार्यमा काम भइरहेको जानकारी दिए ।रासस

# समृद्ध नेपाल बनाउने युगिन अभिभारा युवाहरूको काँधमा आइसकेको छः राष्ट्रपति

**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको जगमा उभिएर मुलुकको भाग्य र भविष्य कोर्दै समृद्ध नेपाल बनाउने युगिन अभिभारा युवाहरूको काँधमा आइसकेको बताएका छन ।




अन्तरराष्ट्रिय युवा दिवस २०२५ का अवसरमा राष्ट्रिय सभागृहमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले समृद्ध नेपाल बनाउने युगिन जिम्मेवारी पूरा गर्न युवाहरू सक्षम भइसकेका भन्ने आफूलाई विश्वास लागेको बताए ।

राष्ट्रपति पौडेलले आफू र आफ्नो पुस्ताको युवावय मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अवस्थासम्म ल्याउनमा समर्पित रहेको उल्लेख गर्दै आफूहरू क्रान्ति र परिवर्तनको एउटा कालखण्ड गुज्रेर सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था स्थापना गर्न सफल भएको बताए ।

'यो क्षणमा मैले आफ्नो युवावयको कैयन आरोहअवरोहका अनमोल क्षणहरू सम्झिरहेको छु । तनहुँको बाहुनपोखरामा एउटा सामान्य कृषक परिवारमा जन्मिएर अविकाश, गरिबी, पछौटेपन र निरङ्कुशताविरुद्ध मेरो युवावयमा हुर्किएको क्रान्ति र परिवर्तनको हुटहुटीलाई सार्थकता दिनु सहज थिएन । परन्तु यसका लागि म र मेरो पुस्ताले सङ्घर्ष, त्याग, अभाव, जेलनेलको कुनै पर्वाह गरेन', उनले भने, 'आजको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अवस्थासम्म आइपुग्दा हाम्रो जीवन राजनीतिक व्यवस्थालाई एउटा टुङ्गोमा पु¥याउनमै समर्पित रह्यो । क्रान्ति र परिवर्तनको एउटा कालखण्ड गुज्रेर हामी सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था स्थापना गर्न सफल भएका छौँ ।'

राष्ट्रपति पौडेलले प्रविधिमा आधारित नवप्रवर्तन, खेलकुद, मनोरञ्जन एवं सूचना प्रविधिसहित उद्यमशीलताका विभिन्न क्षेत्रमा नेपाली युवाहरूले आफूलाई अब्बल प्रमाणित गरिसकेको उल्लेख गरे । उनले भने, 'यो सामथ्र्य र शक्तिलाई दिगो विकासको अवधारणाअनुरुप देश नवनिर्माणको उज्यालो भविष्यतर्फ उन्मुख गराउन सबैले हातेमालो गरेर अघि बढ्नुपर्दछ ।'

राष्ट्रपति पौडेलले प्रविधिसँग अभ्यस्त नेपाली युवालाई स्वदेशमा नै अवसर दिलाउन सरकारले सहुलियतपूर्ण कर्जा सहजीकरण, युवामैत्री लगानीका लागि वातावरण निर्माण, नवप्रवर्तन र उद्यमशीलता विस्तारलाई प्राथमिकता दिएको बताउँदै यसलाई उपलब्धिमूलक बनाउन देश परिवर्तनका संवाहक युवाको साथ, सहभागिता र जागरुकता आवश्यक रहेको स्पष्ट पारे ।

'उद्यमशिलता र स्वरोजगारका क्षेत्रमा काम गर्नुपर्ने समयको माग भइसकेको छ । विश्वव्यापीकरण र सूचना प्रविधिको तीव्रतर विकासको आधुनिक युगमा युवापुस्ताले चाहेको विकास, सुशासन र समृद्धिको सपनालाई पूरा गर्नु नै आजको मुख्य कार्यभार हो', उनले भने, 'उद्यमशीलता आर्थिक विकासको आधार हो ।

त्यसैले युवाको विदेश पलायन रोकेर उनीहरूलाई रोजगारीतर्फ आकर्षित गर्न उद्यमशीलता विस्तार एवं प्रवद्र्धनका नीति र कार्यक्रमलाई प्राथमिकता दिन आवश्यक छ ।'

राष्ट्रपति पौडेलले अन्तरराष्ट्रिय युवा दिवस युवा सहभागिता र सशक्तीकरणका लागि साझा उत्सव र ऐक्यबद्धताको आधार भएको भन्दै यसले स्थानीयदेखि अन्तरराष्ट्रिय तहसम्मको युवा सहभागितामार्फत दिगो विकास, एकता र ऐक्यबद्धतालाई जोड दिएको महसुस भएको बताए ।

कार्यक्रममा युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी, राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेत, संयुक्त राष्ट्रसङ्घका नेपालस्थित आवासीय प्रतिनिधिको उपस्थिति रहेको थियो ।रासस

# कैदीबन्दीको सङ्ख्याको आधारमा कारागारको व्यवस्था गर्न माग

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) सांसद गोपीबहादुर सार्की अछामीले कैदीबन्दीको सङ्ख्याको आधारमा कारागारको व्यवस्था गर्नुपर्ने सरकारसँग माग गरेका छन ।

राष्ट्रियसभाको मंगलवारको बैठकको विशेष समयमा दलीय आधारमा बोल्दै उनले भने, 'देशैभर ७२ जिल्लामा ७५ वटा कारागार रहेका छन् । बन्दीको सङ्ख्याअनुसार कारागार कम छ, यसको सरकारले व्यवस्थापन गर्नुपर्छ ।'

उनका अनुसार देशैभरका २२ वटा कारागारको अवस्था सामान्य रहेपनि, अन्यमा कारागारमा भने कम्पाउन, खानेपानीको धारा र शौचालयजस्ता समस्या रहेका छन । उनले भने, 'कारागार एउटा समस्याको रूपमा छन्, बन्दीगृह वा कारागार सुधारगृहको रूपमा हुनुपर्ने र यातनागृहको रूपमा रूपमा रहेको छ, विशेषगरी कैदीबन्दीको जुन सङ्ख्याको चाप छ, त्यसअनुसारको कारागारको व्यवस्था हुन सकेको छैन ।'

सांसद अछामीले ३३ वटा कारागारको पर्खाल भत्किएको अवस्थामा रहेको, २८ वटा कारागारको आफ्नै भए पनि अत्यन्त जीर्ण अवस्थामा रहेको र पाँच वटा कारागारको आफ्नै जग्गामा भए पनि भवन जीर्ण अवस्थामा रहेको तथ्य प्रस्तुत गरे ।

उनले १० वटा कारागार भौतिक रूपमा अत्यन्त जीर्ण अवस्थामा रहेको पनि बताए ।

नेकपा (एमाले) का सांसद तुलसाकुमारी दाहालले सरकारले बहुविवाहलाई प्रोत्साहन गर्ने गरी कानुन बनाउन खोजेको भन्दै सो विधेयकलाई तत्काल रोक्नुपर्ने माग गरे । उनले भने, 'कानुन मन्त्रालयले सर्वसाधारणको राय माग गर्दै २०८२ साल वैशाख ७ गते प्रकाशित गरेको सूचना मुलुकी अपराध संहिता २०७४ को संशोधनमा भाषा घुमाएर बहुविवाह गर्न पाउने व्यवस्था गरिएको छ, यसले समाजमा नकारात्मक असर पर्ने भएकाले तत्काल हटाउनुपर्छ ।'

सांसद दाहालले सरकारले महिला हिंसाविरुद्ध एकीकृत ऐनको लागि पहल गर्नुपर्ने माग गर्दै महिला हिंसासम्बन्धी भएका ऐन÷कानुन कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । सुदूरपश्चिम र कर्णाली प्रदेशमा जरा गाडेर बसेको छाउपडी प्रथाले धेरै बालबालिका र महिलाको मृत्यु समेत भएको भन्दै छाउपडी प्रथाको पूर्ण रूपमा अन्त्य गर्नुपर्ने पनि माग गरे ।रासस

# कांग्रेसले शहीदलाई सधैँ सम्मान गर्छः सभापति देउवा

**तनहुँ ।**
नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले कांग्रेसले सधैँ सहिदको उच्च सम्मान गर्ने बताएका छन ।



सहिद कल्याण खनालको २३ औँ स्मृति दिवसको अवसरमा तनहुँको भिमाद नगरपालिका–६ मा मंगलवार आयोजित स्मृतिसभामा सभापति देउवाले सहिदको योगदानकै कारण पार्टी आजको स्थितिसम्म आइपुगेको बताउँदै सहिदलाई कहिल्यै बिर्सन नहुने बताए ।

सभापति देउवाले भने, 'पार्टीका लागि सहिद भएकाको परिवारलाई पार्टीले सधैँ हेर्छ । उच्च मूल्याङ्कन गर्छ ।' उनले विसं २००७ देखि नै लोकतन्त्रका लागि तनहुँबाट धेरैले ज्यान गुमाएको स्मरण गर्दै देशका लागि ज्यान गुमाउनेहरूको रगत खेर जान नदिने प्रतिबद्धता व्यक्त गरे । उनले भने, 'त्यस्तै बलिदान दिनेमध्ये सहिद कल्याण खनाल हुनुहुन्थ्यो । देशका लागि जीवन बलिदानी दिने साथीहरूले देखाएको बाटोमा अगाडि बढ्नुपर्छ । उहाँहरूले देखाएको बाटोमा अगाडि बढेमात्रै सहिदप्रति सच्चा सम्मान हुनेछ ।'

सभापति देउवाले सहिद कल्याण खनाललाई व्यक्तिगत रूपमा चिनेको बताउँदै तत्कालीन अवस्थामा उनले आफूलाई धेरै सहयोग गरेको स्मरण गरे ।

सो अवसरमा सभापति देउवाले सहिद कल्याण खनालको सम्झनामा निर्माण गरिएको अर्धकदको सालिकको अनावरण गरेका थिए ।रासस

# युवा लक्षित नीति तथा कार्यक्रम व्यवहारिक रूपमै कार्यान्वयन गर्नुपर्नेमा सांसदको जोड

**काठमाडौँ ।**
राष्ट्रियसभामा सांसदहरूले चालु आर्थिक वर्ष २०८२/०८३ को बजेटमा समावेश युवासम्बन्धी व्यवस्थालाई व्यवहारिक रूपमा कार्यान्वयन गर्नुपर्ने माग गरेका छन् ।

राष्ट्रियसभाको मंगलवारको बैठकको बोल्दै नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सांसद मदन कुमारी शाह (गरिमा) ले विगतका वर्षमा युवालाई निम्ति सरकारले नीति तथा कार्यक्रममा समावेश गर्दै बजेटको व्यवस्था गरे पनि व्यवहारिक रूपका कार्यान्वयन हुन नसकेको उल्लेख गर्दै कार्यान्वयनका लागि माग गरिन ।

उनले भनिन 'म सदस्य रहेको सार्वजनिक नीति प्रत्यायोजित विधायन समितिले आर्थिक वर्ष २०८२/०६३ को नीति तथा कार्यक्रममा समावेश गर्न माग गर्दै अर्थ मन्त्रालयलाई निर्देशन दिएको थियो, सोहीअनुसार मन्त्रालयले युवाले प्राथमिकता दिएको छ, यसको कार्यान्वयन गर्न सरकारसँग माग गर्दछु ।' उनले संरक्षण र पूर्वाधारको अभावमा कारण बाटोमा सङ्केतको अभावका वणीमालिका मन्दिर र त्येस क्षेत्रको अवलोकन गर्न जाने भक्तालु र पर्यटकहरूले धेरै दुःख भोग्नुपरेको भन्दै सरकारको ध्यानाकर्षण समेत गराए ।

सांसद शाहले भनिन, 'देशमा लोकतन्त्र आयो, गणतन्त्र आयो, संविधान पनि आयो, संविधानका समानताको हक, महिलाको हक पनि लेखियो, तर राज्य प्रगतीको पथमा भन्दा पछाडि फर्किएको छ, आजको दिनमा महिलालाई अधिकार धेरै भयो भन्ने पितृसत्तात्मक सोचको विकास हुँदै गएको छ, यो सोचमा परिवर्तन आउन जरूरी छ ।' सरकारले बहुविवाहलाई प्रोत्साहन गर्नेगरी कानुन ल्याउन खोजेको बताउँदै बहुविवाह गर्न पाउने विधेयकलाई तत्काल रोक्नुपर्ने माग गरे ।

सांसद विष्णुदेवी पुडासैनीले बर्सातको समयमा देशका विभिन्न स्थानमा बाटो भत्किएर यात्रुलाई सास्ती भएको भन्दै सो बाटो मर्मतको निम्ति सरकारसँग माग गरिन । उनले भने, 'बर्साथको प्रकोपको कारण हाम्रा सडक ध्वस्त भएका छन्, नेपालीहरूको चाडपर्व नजिँकिदै छ, जनताले उपभोग गर्ने सामाग्रीको मूल्य वृद्धि भएको छ, यो चाडपर्वको समयमा जनजीवज सामन्य बनाउन सरकारसँग माग गर्दछु ।' उनले प्राकृतिक प्रकोप एवं कानुनी छिद्रताका कारण देशका विभिन्न ठाउँका सडकहरू भत्किएको उल्लेख गर्दै निर्माणाधीन अवस्थामा रहेका सडकहरू समयमै समपन्न गर्न आग्रह पनि गरिन ।रासस

# राज्य व्यवस्था समिति सभापतिबाट खतिवडाको राजीनामा

**काठमाडौँ ।**
प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले समिति सभापतिको पदबाट राजीनामा दिएका छन ।

सभाको मंगलवारको बैठकमा समय माग गरेर बोल्दै उनले सभापतिका रूपमा सङ्घीय निजामती सेवा विधेयकको प्रतिवेदनमा आफूले हस्ताक्षर गरेको र सो विधेयकका केही विषयमा त्रुटि भएकाले आफूले नैतिक जिम्मेवारी बहन गर्नुपर्ने लागेर राजीनामा दिएको स्पष्ट पारे ।

'समितिका सदस्यको मनसायअनुसार विधेयक प्रतिवेदन तयार हुँदा त्रुटि हुन गएको साँचो हो, विधायकी मनसाय 'कुलिङ अफ पिरियड' राख्नु नै हो, तर विधेयक प्रतिवेदन लेखनमा त्रुटि भएको देखिन्छ', उनले भने, 'त्यो त्रुटि मबाट र राज्य व्यवस्था समितिबाट होइन ।'

# अभौतिक सांस्कृतिक सम्पदा' सम्बन्धी विधेयक राष्ट्रियसभामा पेस

**काठमाडौँ ।**
'अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) विधेयक, २०८१' राष्ट्रियसभामा पेस गरिएको छ ।

सभाको मंगलवारको बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले विधेयक सभामा पेस गरेका हुन । त्यसअघि विधेयकमाथि विरोधको सूचना राख्नुभएका सभा सदस्य वामदेव गौतम र भुवनबहादुर सुनारले विरोध सूचना फिर्ता लिएपछि मन्त्री पाण्डेले विधेयक सभासमक्ष पेस गरे ।

सोही अवसरमा मन्त्री पाण्डेले भने, 'भौतिक र अभौतिक रूपमा विज्ञान वा संस्कृतिको कुरा मानव विकास क्रममा छलफल गर्दै आएका विषय हुन् । हाम्रो परम्परा, रहनसहनमा संस्कृति मिसिएको छ, अभौतिकता मिसिएको छ, तर त्यो देखिँदैन । यस्ता वस्तुको संरक्षणका लागि पनि विधेयक ल्याउनु परेको हो ।' रासस

# 'प्रेस स्वतन्त्रता कुण्ठित हुनेगरी मिडिया काउन्सिल विधेयक ल्याउनुहुँदैन'

**काठमाडौँ ।**
राष्ट्रियसभामा सांसदहरूले प्रेस स्वतन्त्रता कुण्ठित हुने गरी मिडिया काउन्सिल विधेयक ल्याउन नहुने बताए ।

सभाको मंगलवारको बैठकमा सांसद सावित्री मल्लले प्रेस स्वतन्त्रता कुण्ठित गर्ने र प्रेसलाई नियन्त्रण गर्नेगरी ल्याउन लागिएको मिडिया काउन्सिल विधेयकलाई मिडियामैत्री हुने गरी अघि बढाउनुपर्ने माग गरे । उनले भ्रष्टाचार, बलात्कार, मानव बेचबिखनजस्ता अपराध गर्ने अपराधिलाई आममाफी दिने गरी मुलुकी अपराध संहिता संशोधन गर्न लागेकाले यो प्रक्रिया तत्काल रोक्नुपर्ने बताए ।

सांसद मल्लले बहुविवाहलाई मान्यता दिने गरी कानुन संशोधन गर्न लागिएको प्रक्रियता पनि तत्काल रोक्नुपर्ने माग गरे । उनले निजामती कर्मचारी सेवा विधेयकमा 'कुलिङ पिरियड' हटाउन भएको छलछाम छानबिन गर्न गठित संसदीय समितिले दिएको प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने माग पनि गरे ।

सांसद विष्णुबहादुर विश्कर्माले देशैभरि जातीय भेदभाव तथा छुवाछूतका घटना बढ्दै गएको भन्दै सरकारको ध्यानाकर्षण गराए । उनले भने, 'यही साउन २२ गते राति दैलेख जिल्लास्थित चामुण्डाविन्द्रसैनी नगरपालिका–८ का २२ वर्षीय गोविन्द शाही र २५ वर्षीय खगी भण्डारीले सोही निवासी १२ वर्षीया एक दलित बालिकालाई ढुङ्गाले हिर्काएर, लडाएर, सामूहिक बलात्कार गरेको घटना बाहिर आएको छ । यस्तो अपराध गर्ने अपराधीलाई कानुनबमोजिम कडाभन्दा कडा कारबाहीको माग गर्दछु ।'

सांसद विश्वकर्माले साउन २५ गते डडेलधुरा जिल्लाको परशुराम नगरपालिका–८ का जननिर्वाचित वडाध्यक्ष दिनेशप्रसाद जोशीले सोही गाउँ निवासी लोकेन्द्र लोहारलाई बाटोमा हिँडिरहेको अवस्थामा कुटपिट गरिएको भन्दै सरकारको ध्यानाकर्षण गराए । हाल पीडितले इलाका प्रहरी कार्यालयमा निवेदन दर्ता गर्न जाँदा सुनुवाइ नभएको उनको भनाइ छ ।

सांसद श्रीकृष्णप्रसाद अधिकारीले उखु किसानको भुक्तानी गर्न सरकारसँग माग गरे । उनले चाडपर्व आउन लागेकाले बजारमा हुने गलत कार्य रोक्न र सडकमा सहज आवागमनको व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराए ।रासस

# बाँदरको उपद्रो बढेपछि किसान चिन्तित

**भोजपुर ।**
बाँदरको उपद्रो जिल्लाका किसानको प्रमुख समस्या नै बनेको छ । वर्षभरि खाने अन्नपात बाँदरले छिनभरमा नै सखाप पार्ने भएपछि बाँदर किसानको मुख्य समस्या बनेको हो ।



बाँदरका कारण जिल्लाका अधिकांश भागका स्थानीयले समस्या भोग्दै आएका छन् । बाँदरको उपद्रो बढेपछि तल्लो भेग तथा वनजङ्गल आसपास बस्तीका किसान समस्यामा परेका हुन् । मकै पाक्ने समय भएकाले बाँदर खेतबारीमा पसेर अन्नबाली नष्ट पारेपछि किसान हैरान भएका छन् ।
बास्तिम, दलगाउँ, मानेभञ्याङ, खावा, कोट, गोगने, लेखर्क, बोखिम धोद्लेखानीलगायत यहाँका नौवटै स्थानीय तहमा बाँदरले दुःख दिने गरेको छ । बस्ती खाली भएपछि माथिल्लो भेगसम्म बाँदर आउन थालेका स्थानीयवासीको भनाइ छ ।
बाँदर नियन्त्रणका लागि सरकारले उचित विकल्पको खोजी गर्नुपर्ने रामप्रसादराई–६ का स्थानीय राजेन्द्र राईले बताए । बाँदरको आतङ्क यसरी नै बढ्दै जाने हो भने बस्ती नै खाली हुने उनको भनाइ छ ।
‘हामी किसानको प्रमुख समस्या नै बाँदर बनेको छ’, उनले भने, ‘वर्षभरि दुःख गरेर उत्पादन गरेको कमाई छिनभरमा सखाप पार्ने भएकाले गाउँघरमा बस्न सक्ने अवस्था छैन । बाँदरका कारण बर्सेनि बस्ती खाली हुँदै गएको छ ।’
भोजपुर नगरपालिका क्षेत्रमा बादर आतङ्क बढेकाले बस्ती खाली बन्दै गएको स्थानीयवासी कमल तामाङले बताए । बाँदरले खेतमा पसेर भर्खर रोपेको धानको गुबो नै नष्ट गरिदिने गरेको उनको भनाइ छ । बाँदरले बस्तीमा पसेर अन्नबाली खान थालेपछि कतिपय तल्लो क्षेत्रका स्थानीयले गाउँ नै छाड्न थालेका छन् । ‘बाँदरले गाउँघरमा सहज रूपमा उत्पादन गरेर खाने अवस्था छैन’, उनले भने, ‘वर्षभरि खानका लागि लगाएको अन्नबाली छिनभरमा नष्ट पार्छ ।बारीमा कटेरा बनाएर हेरचाह गर्दा पनि सम्भव छैन ।’
बाँदर मकैको थाङ्ग्रा धानको कुनिउ, बगैँचाका फलफूलमा आउन थालेपछि स्थानीय समस्यामा परेका हुन् । स्थानीयले स–साना टहरा बनाएर अन्नबालीको हेरचाह गर्ने गरेका छन् । बाँदर हेरचाह गर्नका लागि परिवारका दुईदेखि तीन जनाको काम नै त्यही हुने गरेको स्थानीयको भनाइ छ । बाँदरलाई यन्त्रउपकरण पड्काएर तर्साउने गरे पनि पछिल्लो समयमा टेर्न छाडेको किसानले बताएका छन् ।रासस

# अमुदी फुड्सले साधारण शेयर बिक्री गर्ने

**काठमाडौँ ।**
शेयर बजारमा नयाँ नयाँ कम्पनी आउनेक्रम जारी रहेको छ । यसै क्रममा अमुदी फुड्स लिमिटेडले पनि साधारण शेयर बिक्री गर्ने भएको छ । सो कम्पनीले कूल २० लाख कित्ता साधारण शेयर बिक्री गर्ने भएको हो ।
उत्पादन क्षेत्रका उद्योगलाई साधारण शेयर बिक्रीका लागि प्रतिशेयर अङ्कित मूल्य १०० रुपैयाँका दरको २० लाख कित्ता साधारण शेयर सर्वसाधारणमा निष्काशन गर्नका लागि ग्लोबल आइएमई क्यापिटल लिमिटेडलाई निष्काशन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको छ । सो सम्बन्धमा कम्पनी र क्यापिटलबीच शेयर निष्कासनसम्बन्धी सम्झौता सम्पन्न भएको छ ।
सोमबार ग्लोबल आइएमई क्यापिटलको केन्द्रीय कार्यालय नक्सालमा आयोजित एक कार्यक्रममा अमुदी फुड्सकोतर्फबाट अध्यक्ष अच्युत बस्नेत र ग्लोबल आइएमई क्यापिटलकोतर्फबाट प्रमुख कार्यकारी अधिकृत मन्दीप लुइँटेलले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् ।
यस कम्पनीको कर्पोरेट अफिस काठमाडौँ महानगरपालिका–३२ कोटेश्वरमा रहेको छ भने चितवनको भरतपुर महानगर १२, गोन्द्राङमा फुड्स उत्पादन गर्ने उद्योग रहेको छ । यस कम्पनीको संस्थापनमा विभिन्न क्षेत्रमा अनुभव प्राप्त प्रतिष्ठित व्यवसायी, उद्योगी, शिक्षाविद् तथा ख्यातिप्राप्त व्यक्तित्वको लगानी रहेको छ । अमुदी फुड्स लिमिटेडले विभिन्न ब्राण्डका स्न्याक्स उत्पादन गर्दै आएको छ ।रासस

# नेप्से परिसूचक २६ अङ्कले घट्यो

**काठमाडौँ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २६ दशमलव २२ अङ्कले घटेर दुई हजार ७९६ दशमलव २४ बिन्दुमा कायम भएको छ। मंगलवार परिसूचक शून्य दशमलव ९२ प्रतिशतले घटेको हो।
आज ३२३ कम्पनीको एक करोड ७६ लाख ७१ हजार ६७५ कित्ता शेयर ७८ हजार २२६ पटक खरिदबिक्री हुँदा छ अर्ब ९१ करोड ८९ लाख ८३ हजार ५०७ रुपैयाँ बराबरको कारोबार भएको हो।
होटल तथा पर्यटन समूह एक दशमलव ३२ प्रतिशतले बढेको छभने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ९४, विकास बैंक शून्य दशमलव ७६, वित्त एक दशमलव ५३, जलविद्युत् एक दशमलव २६, लगानी शून्य दशमलव ६६, जीवन बीमा एक दशमलव ०६ र उत्पादन तथा प्रशोधन समूह एक प्रतिशतले घटेको छ । लघुवित्त एक दशमलव ४९, म्युचुअल फन्ड शून्य दशमलव २४, निर्जीवन बिमा शून्य दशमलव ८१, व्यापार शून्य दशमलव ८६ र अन्य समूह शून्य दशमलव ६२ प्रतिशतले घटेको छ।
सिटी होटल लिमिटेडको शेयर मुल्यमा सकारात्मक सर्किट लाग्दा सिक्लेस हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको २६ करोड ७७ लाख ५५ हजार २९३ रुपैयाँ बराबरको शेयर कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै सिद्धार्थ इक्विटी फन्डको छ लाख छ हजार ३१७ कित्ता शेयर किनबेच भएको छ ।रासस

# कुखुरामा देखियो ‘चिकेन एनेमिया भाइरस’

**चितवन।**
यहाँ पालिएका कुखुरामा ‘चिकेन एनेमिया भाइरस’ देखिएको छ । यहाँको राष्ट्रिय पन्छी रोग अन्वेषण प्रयोगशालाले विगत तीन महिनामा गरेको अध्ययनका क्रममा सो रोग भएको पुष्टि भएको हो।
कार्यालयका प्रमुख डा विजयकुमार श्रेष्ठका अनुसार चितवनसहितका जिल्लाका कुखुरामा यो रोगको समस्या देखिएको हो । कार्यालयले एलाइजा प्रविधिबाट गरीएको परीक्षणका क्रममा यो रोगको सङ्क्रमण भएको पुष्टि भएको हो। उनका अनुसार ९२ नमूना परीक्षणका क्रममा ३३ प्रतिशत अर्थात् ३१ वटा नमूनामा यो रोगको पुष्टि भएको हो। यस रोगका कारण कुखुरामा रोगसँग लड्ने प्रतिरोधात्मक क्षमता कम गराउने गर्छ । जसले गर्दा अन्य रोगले कुखुरामा आक्रमण गर्ने गरेको उनले बताए। उनले भने, ‘प्रत्यक्ष रूपमा केही असर नदेखिए पनि उत्पादन घट्दा आर्थिक प्रभाव पर्ने गर्दछ ।’यस रोग लागेका कुखुरामा रक्तअल्पदा हुने, तौल नबढ्ने, उत्पादनमा कमी आउनेजस्ता लक्ष्यण देखा पर्दछन् । उनले भने, ‘कुखुराले चारा खाने, हिँडडुल गर्ने गरे पनि यसको प्रभाव दीर्घकालीन रूपमा पर्ने भएकाले बेवास्ता गर्नु हुँदैन ।’ नेपालमा यो रोग काठमाडौँमा पहिलोपटक दुई वर्षअघि देखिएको उनले जानकारी दिए। कुखुरालाई यो रोगबाट बचाउन ‘चिकेन एनेमिया भाइरस’ विरुद्धको भ्याक्सिन दिनुपर्ने उनले बताए । ब्रोइलरको माउ र लेयर्सको माउ तथा चल्ला दुवैमा यो खोप दिनुपर्ने उनले बताए । चितवनसहित १६ जिल्लाबाट सङ्कलित नमूना यो प्रयोगशालामा परीक्षण हुँदै आएको छ। गत आर्थिक वर्षमा प्रयोगशालाले दुई हजार ५०० किसानका सात हजार कुखुराको परीक्षण गरेको छ। जसबाट ‘लो प्याथो◌ेनिक एभिएन इन्फुलुन्जा’ (एच–नाइन) ४८ वटामा, रानीखेत १३ वटामा, गम्बारो १२२ वटामा र आइबी (इन्फुलुन्जा ब्रोङ्गकाइटिस) दुई वटामा देखिएको श्रेष्ठले जानकारी दिए।
उनका अनुसार सोही अवधिमा एक हजार १२० वटा कुखुराको कलेजो परीक्षण गरिएको थियो । सो परीक्षणबाट इकोलाई सात सय ८५ वटामा र साल्मोनेला एक सय १२ वटामा देखिएको उनले बताए । जैविक सुरक्षाको अभावमा यी सङ्क्रमण देखिएका हुन्। फार्ममा दाना, पानी, औषधि, भुसलगायत सामग्री लैजाँदा र अण्डा बाहिर पठाउँदा जैविक सुरक्षालाई कडाइका साथ अवलम्बन गर्नुपर्ने उनि बताउछन । बजारमा निःसङ्क्रमण गर्ने औषधि पाइने भएकाले फार्ममा आउने व्यक्ति र सवारीलाई पूर्ण निःसङ्क्रमण गर्नुपर्ने हुन्छ।रासस

# फूल उत्पादनमा वृद्धि

**काठमाडौँ।**
अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा फूल आयातमा कमी आएको छ। आर्थिक वर्ष २०८०/८१ मा २७ करोड ६९ लाख रुपैयाँ बराबरको आयात गरिएको फूल गत आर्थिक वर्ष २०८१/८२ मा १२ करोड ६० लाख रुपैयाँको मात्र आयात गरिएको फ्लोरिकल्चर एसोसिएसनले जानकारी दिएको छ।
पुष्प व्यवसायीहरूको छाता संस्था नेपाल फ्लोरिकल्चर एसोसिएसनका अध्यक्ष राजेशभक्त श्रेष्ठका अनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा गत आवमा १५ करोडले आयातमा कमी आएको छ । अध्यक्ष श्रेष्ठका अनुसार आयातमा कमी आउनुको मुख्य कारण भन्सारमा कडाइ, स्वदेशी उत्पादनलाई प्राथमिकता दिनु र उत्पादन बढ्नु नै हो।
यसैगरी, अघिल्लो आर्थिक वर्षको तुलनामा निर्यात भने बढेको छ। अघिल्लो आर्थिक वर्षमा एक करोड दुई लाख रुपैयाँ बराबरको फूल विभिन्न देशमा निर्यात भएको थियो भने गत आर्थिक वर्षमा दुई करोड १३ लाख रुपैयाँको फूल निर्यात भएको अध्यक्ष श्रेष्ठले जानकारी दिए।
यसरी फूल निर्यात हुने जापान, अस्ट्रेलिया, माल्टा, हङकङलगायतका देशमा निर्यात हुने गरेको छ। हरेक वर्ष तिहारमा प्रयोग हुने मखमली फूल र प्रणय दिवसका लागि रातो गुलाफ आयात गर्ने गरिएको छ।
पछिल्लो सयम स्वदेशमै फूल उत्पादन बढेकाले विगतका वर्षमा भन्दा यस वर्ष तिहारका लागि ल्याइने फूलमा कमी हुने अनुमान छ । हरेक वर्ष फूल उत्पादन बढ्दै गए पनि वार्षिक रुपमा १५ देखि २० प्रतिशत फूलको बजार माग बढ्ने गरेकाले पूर्ण रुपमा फूल आयातमा रोक्न नसकिएको बताइएको छ।
पछिल्लो समय बजार माग वृद्धिसँगै विशेषगरी काठमाडौँ, ललितपुर, भक्तपुर, कास्की, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, गुल्मी, पाल्पा, धादिङ, मोरङलगायत ५४ जिल्लामा पुष्पखेती विस्तार भइसकेको छ । व्यावसायिक रूपमा ५१ हजार ५० जना यस व्यवसायमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहभागी बनेका छन्। लगभग २२१ हेक्टर क्षेत्रफलमा यो व्यवसाय सञ्चालनमा हुँदै आएको छ। यस व्यवसायको वार्षिक लक्ष्य भने तीन अर्ब रुपैयाँ भन्दा बढी रहेको छ । फूलको व्यापार विशेषगरी असोजदेखि फागुन महिनासम्म बढी हुने गरेको छ। रासस

# विश्वकप उपबिजेता टोलीलाई ११–११ लाखले काठमाडौं महानगरको सम्मान

**काठमाडौँ ।**
काठमाडौं महानगरपालिकाले म्याट्रिक्स फाइट नाइट १७ (एमएफएन १७) च्याम्पियन नेपाली एमएमए फाइटर रवीन्द्र ढाटलाई २ लाख रुपैयाँसहित सम्मान गरेको छ ।
यस्तै, प्रथम खोखो विश्वकप २०२५ मा उपविजेता बनेका महिला र पुरुष टोलीलाई ११–११ लाख रुपैयाँ गरी जम्मा २२ लाखको चेकसहित सम्मान गरेको छ ।



खोखोको रकम व्यवस्थापन नेपाल खोखो संघले नै गर्नेछ । सम्मान कार्यक्रममा काठमाडौं महानगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र सामाजिक विकास समितिका संयोजकलगायतको उपस्थिति रहेको थियो । यो सम्मान सामाजिक विकास समितिको सिफारिसमा गरिएको हो ।
उक्त सम्मान कार्यक्रममा बोल्दै सामाजिक विकास समितिका संयोजक रामकुमार केसीले यस्ता खेलले नेपालको शिर ठाडो बनाएको बताए ।
कार्यक्रममा केसीले भने, ‘महानगरपालिकाले नेपालको तर्फबाट खेल्ने टोलीहरूलाई विगतमा पनि सम्मान गर्दै आएको छ र भविष्यमा पनि निरन्तरता दिनेछ ।’
नेपालका रवीन्द्र ढाटले भारतको नोएडामा भएको म्याट्रिक्स फाइट नाइट (एमएफएन) १७ मा बान्टमवेट च्याम्पियनको उपाधि जितेका थिए ।सम्मान ग्रहणपछि ढाटले महानगरपालिकाको सम्मानले आफूलाई थप हौसला मिलेको बताए ।
उनले भने, ‘हजुरहरूले खेलाडीलाई सम्मान गर्नुभएकोमा म धेरै खुशी छु । अब आगामी दिनमा अझ राम्रो प्रदर्शन गर्ने कोसिस गर्नेछु । यो सम्मानले हामीलाई अगाडि बढ्न थप प्रेरणा दिन्छ ।’
त्यस्तै, खोखोको पुरुष टोलीले नयाँ दिल्लीस्थित इन्दिरा गान्धी इन्डोर हलमा भएको फाइनलमा आयोजक भारतसँग ५४–३६ को अन्तरले पराजय बेहोरेको थियो । खोखो टोलीका कप्तानले मन्तव्य राख्दै सम्मानले हौसला बढाएकोमा धन्यवाद व्यक्त गरे । उनले भने, ‘हामी खो–खो खेलमा जाँदा जस्तो उत्साह थियो, त्यस्तै उत्साह अहिले काठमाडौं महानगरपालिकाले सम्मान कार्यक्रम गरेर थपिदिएको छ । हामी खेलाडीको तर्फबाट यो सम्मानले निकै खुशी लागेको छ । गुरुहरू र सबैलाई धन्यवाद दिन चाहन्छु ।’
महिला टोलीले फाइनलमा भारतसँग ७८–४० को अन्तरले पराजय बेहोरेको थियो ।
रवीन्द्र ढाटले भारतका चोंगरेंग कोरेनलाई तेस्रो राउन्डमा पराजित गर्दै यो उपाधि हासिल गर्नुभएको थियो । यो जितले रवीन्द्रको व्यावसायिक रेकर्ड ८–१ मा सुधार भएको छ भने कोरेनको पाँच फाइटको रेकर्ड तोडिएको छ । बझाङका रवीन्द्र यो उपाधि जित्ने पहिलो नेपाली फाइटर बन्नुभएको छ ।
यो कुनै पनि टिम खेलमा नेपालले विश्वकप फाइनल खेलेको पहिलो अवसर हो ।

# क्रिस्टियानो रोनाल्डो चाडैँ विवाह बन्धनमा, प्रेमिकासँग गरे इन्गेजमेन्ट

रियाद, विश्व चर्चित फुटबलर क्रिस्टियानो रोनाल्डोले छिट्टै विवाह गर्ने भएका छन्।
हाल ५ सन्तानका पिता रोनाल्डोकी पार्टनर जर्जिना रोड्रिग्वेजले इन्स्टाग्राममा एउटा पोस्ट गरेकी छिन, जसले अहिले इन्टरनेटमा हलचल मच्चाएको छ । वास्तवमा लामो समयदेखि उनीहरुको इन्गेजमेन्टको खबर आएको थियो, जसमा जर्जिनाले पूर्णविराम लगाएकी थिइन् । उनले इन्गेजमेन्टको खबर पुष्टी गरेकी छिन्।
पोर्चुगल फुटबल टिमका कप्तान क्रिस्टियानो रोनाल्डो र मोडल जर्जिना रोड्रिग्वेज ८ वर्षदेखि सँगै बस्दैं आएका छन्। उनीहरुले २०१६ मा डेटिङ सुरु गरेका थिए। रोनाल्डो–जर्जिनासँग ४ सन्तान छन्। सन् २०१७ मा सरोगेसी मार्फत सन्तान (इभा मारिया र माटेओ) को जन्म भएको थियो, अलानाको पनि २०१७ मा जन्म भएको थियो। बेला नामक छोरी २०२२ मा जन्मिएकी थिइन्, उनको छोरोको जन्म



पछि नै मृत्यु भयो। रोनाल्डोको एक जेठो छोरा (रोनाल्डो जूनियर) पनि छन्, जसको आमाका बारेमा कसैलाई पनि थाहा छैन्।
क्रिस्टियानो रोनाल्डोकी प्रेमिका जर्जिना रोड्रिग्वेजले इन्स्टाग्राममा एक पोस्ट पोष्ट गरेकी छिन्, जसमा उनी र रोनाल्डो हात समातिरहेको देखिन्छ । जर्जिनाको हातमा एउटा चम्किलो औंठी छ, जुन इन्गेजमेन्टको औंठी हो। उनले क्याप्सनमा लेखेकी छिन्, ‘हो, मैले निर्णय गरेको छु ।’ यो तस्बिर साउदी अरबको राजधानी रियादको हो, उनले पोस्टमा लोकेशन पनि सेयर गरेकी छिन् । यसपछि प्रयोगकर्ताले उनलाई बधाई दिन थालेका छन् । इङ्लिस मिडियाका अनुसार सन् २०२५ मा क्रिस्टियानो रोनाल्डोको कुल सम्पत्ति १.४५ बिलियन डलर छ। रोनाल्डोको आधार तलब करिब २० करोड डलर छ । उनले विज्ञापनबाट वार्षिक १५ करोड डलर कमाउँछन्। सन् २०२२ मा उनले साउदी टोलीसँग ६० करोड डलरको सम्झौता गरेका थिए, जसलाई यो वर्ष २०२७ सम्म थप गरिएको छ । क्लबले रोनाल्डोसँग करिब ६२० मिलियन डलरमा दुई वर्षका लागि सम्झौता गरिसकेको छ ।एजेन्सी

# मरिचखेती प्रवर्द्धन गर्दै पोखरा महानगर



**गण्डकी।**

देशभर नै बाँदरलगायतका जङ्गली जनावरले खेतीबाली नष्ट गर्ने समस्या बढ्दो छ । बाँदरको समस्या समाधान र विकल्प खोजी भइरहँदा पोखरा महानगरले भने वडा नं २८ मा बाँदरले दुःख नदिने तर उत्पादनले उचित मूल्य पाउने मरिच खेती प्रवर्द्रधन गर्ने भएको छ।

महानगरपालिकाले यसै वर्ष ४०० मरिचका बिरुवा वितरण गरेको महानगरका कृषि विकास शाखा प्रमुख मनहर कडरियाले जानकारी दिए । बाँदरको प्रकोप नहुने र असिना आदि समस्या पनि नहुने भएकाले वडा कार्यालयसँग समन्वय गरी मरिचका बिरुवा वितरण गरेको उनले बताए।

सो वडामा स्याङखुदी टारीका अगुवा कृषक सूर्यमोहन बास्तोलाले मरिच खेतीबाट राम्रो आम्दानी गरेका छन । सोही खेतीलाई दृष्टिगत गरी वडामा मरिच खेती प्रवर्द्रधन र विस्तार गर्न लागिएको हो । बास्तोलाले घर वरपरका साल, आँप, चिलाउने, कटुस, कल्की, फलेदो, कटहरलगायत विभिन्न प्रजातिका एक सय बढी हरिया रूखका फेदमा लगाएको मरिचले उत्पादन दिन थालेपछि महानगरपालिका पनि मरिच खेतीको प्रवर्द्रधनमा जुटेको हो।

बजारमा मरिच कालो सुनका रुपमा समेत परिचित छ । प्रतिकिलो दुई हजार रुपैयाँ पर्ने यो मसलाजन्य बाली बास्तोलाले २०४६ सालदेखि लगाउन थाल्नुभएको हो। आफूले २०४६ सालमा लेखनाथको भण्डारढिकस्थित पण्डित सोमनाथ आत्रेयसँग १०/१० रुपैयाँका दरले दुईवटा मरिचका बिरुवा किनेर ल्याएको अनुभव सुनाए।

बास्तोलाले हाल वार्षिक ६० देखि ७० किलोग्राम मरिच उत्पादनसँगै नर्सरी तयार गरी बिरुवा बिक्री गर्दै आएका छन । उनका अनुसार प्रत्येक वर्ष असारमा फल्न सुरु भई चैतमा मरिचका दाना टिप्न सकिन्छ । उनले एउटा बिरुवा १५० रुपैयाँदेखि २०० रुपैयाँसम्ममा बिक्री गर्ने गरेको बताए । उनको फार्मबाट पुरनचौर क्षेत्रमा ४०० मरिचका बिरुवा रोप्न लगेको र माछापुच्छ्रे गाउँपालिकामा ४०० बिरुवा लैजाने तयारी रहेको जानकारी दिए।

'मैले दुईवटा बिरुवाबाट मरिचखेती सुरु गरेको थिएँ, यतिखेर राम्रो उत्पादन त छँदै छ नर्सरीमा एक हजार ५०० बिरुवा बिक्रीका लागि तयार छन', उनले भने। बाँदरले पनि नखाने र कुनै किराको प्रकोप मरिचखेतीमा नहुने भएकाले मनग्गे आम्दानी लिन सकिने उनको भनाइ छ ।उनको मरिचखेती गत वैशाखमा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले अवलोकन गरेका थिए । अवलोकनसँगै महानगरप्रमुख आचार्यले मरिचखेतीको विस्तारमा जोड दिँदै कृषकलाई बिरुवा वितरण सुरु गरेको हो । मरिचखेतीबाट सामान्य लगानीमा अधिकतकम फाइदा लिन सकिने महानगरपालिकाका कृषि विकास शाखाप्रमुख कडरिया बताउछन।

सामान्यतः एक हजारदेखि एक हजार २०० मिटरको उचाइमा मरिचखेती हुने बताउँदै उनले सामान्यतः ओसिलो ठाउँमा यसको उत्पादन हुने जानकारी दिए । बहुवर्षे सदाबहार मरिच लहरे बाली हो।

भियतनाम, भारत, ब्राजिल, मलेसिया, इन्डोनेसिया, चीन र श्रीलङ्कामा यसको व्यावसायिक खेती हुने गरेको छ। नेपालमा मोरङ, सुनसरी, झापा, रामेछाप, लमजुङलगायतका जिल्लाहरुमा मरिचखेती हुने गरेको छ । मरिचको प्रयोग मसला र आयुर्वेदिक औषधि बनाउन प्रयोग गरिन्छ । खाना पचाउने, भोक लाग्ने, खोकीको उपचार, श्वासप्रश्वास र मुटु रोगका लागि पनि मरिच प्रयोग गरिन्छ।

वडामा कृषितर्फ आकर्षण बढाउन निरन्तर पहल भइरहेको वडा नं २८ का अध्यक्ष श्रीकृष्ण लामिछानेले जानकारी दिए । वडाभित्र व्यावसायिक पशुपालनलाई पनि जोड दिइएको छ । उनले वडाबाटै वार्षिक एक करोड ३० लाख रुपैयाँको दूध बिक्री हुने गरेको बताए।

मरिचखेती विस्तारसँगै मसलाजन्य बाली उत्पादनमा जोड दिने लक्ष्य राखिएको बताउँदै उनले कृषिजन्य उत्पादनमा आत्मनिर्भरता बढाउँदै यसबाट स्थानीयवासीको आयआर्जन बढाउने लक्ष्य राखिएको बताए। रासस

# आठ दिनको उपचारपछि पुनर्जीवन पाएको सानो खैरो गिद्ध

**कञ्चनपुर।**

आठ दिनको उपचारपछि पुनर्जीवन पाएको सानो खैरो गिद्धलाई सोमबार शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको अर्जुनी फाँटामा छाडिएको छ । गाडीमार्फत ल्याइएको उक्त गिद्धलाई पिँजडाबाट छाडेपछि पखेटा खोल्दै आकासमा उडेको दृश्य दुर्लभ थियो।

'टाउको झोक्राएको, हिँडडुल गर्न नसक्ने अवस्थामा रहेको गिद्धलाई कैलालीको लम्की चुहास्थित लालीगुराँस सामुदायिक वनबाट उद्धार गरेका थियौँ', सबडिभिजन वन कार्यालय पहलवानपुरका वन अधिकृत शेरबहादुर भण्डारीले भने, 'गिद्धको अवस्था हेर्दा बाँच्लाजस्तो लागेकै थिएन, उपचारसँगै स्याहारसुसार र आहारमा ध्यान दिइएपछि तन्दुरुस्त भयो।'

गिद्धलाई निकुञ्जको सुरक्षित स्थानमा लगेर छाड्दा दुई–तीन पाइला हिँड्दै उडेको देखेर निकै खुसी लागेको उनले बताए । 'उडेको दृश्य निकैबेर नियाल्यौँ', उनले भने, 'केही बेरको उडानपछि गिद्ध अस्नाको रुखमा पखेटा फिँजाउँदै बसेको दृश्य



क्यामेरामा कैद गर्न भ्यायौँ।'

सामुदायिक वनका पदाधिकारीले वन क्षेत्रमा गत साउन १९ गते बिरामीको अवस्थाको गिद्ध देखापरेपछि डिभिजन वन कार्यालय कैलालीमा खबर गरेका थिए । त्यसपछि गिद्धको उद्धार गरी उपचार गरिएको थियो।

बिरामी परेको गिद्धको बर्दिया राष्ट्रिय निकुञ्जस्थित प्रकृति संरक्षण कोष(एनटिएनसी) का भेटेरिनरी चिकित्सक विकल्प कार्कीसहितको टोलीले आठ दिनसम्म उपचार गरेका हुन्। पूर्वी नवलपरासीको जटायु रेष्टुराँबाट प्राकृतिक विचरणका लागि उडेको गिद्ध भारतका विभिन्न बस्ती हुँदै कैलालीको लम्की पुगेर बिरामी परेका अवस्थामा फेला परेको नेपाल पन्छी संरक्षण सङ्घ (विसिएन)का चरा विज्ञ हिरुलाल डगौराले बताए।

वर्षात्का समयमा झुण्डबाट छुट्टिएर लामो दूरी तय गर्दा अर्ध वयस्क सानो खैरो गिद्ध पर्याप्त पानी, आहारा नपाउँदा रगतको कमी भई बिरामी परेको हुनसक्ने उनले बताए । गिद्धको बाह्य चोटपटक लागेको भने नरहेको उनले जानकारी दिए।

'गत असार २७ गते नवलपुरबाट उडेको गिद्ध सुरूका पाँचदेखि सात दिनसम्म कपिलवस्तुको गैडहवा वन तथा रेस्टुरेन्ट क्षेत्रमै विचरण गरेको पाइएको छ', उनले भने, 'त्यसपछि गिद्धले कपिलवस्तुको गैडहवाबाट विचरणका लागि भारतको बहराइच, लखिमपुर, टिकुलिया, सीमावर्ती क्षेत्र भजनी हुँदै मसुरियासम्म पुगेर फर्किने क्रममा लाँलीगुरास वनमा बिरामी अवस्थामा फेला परेको हो।'

गिद्धको खुट्टामा लगाइएको रातो स्याटेलाइट टयाग 'जे १६' ले उक्त गिद्धले पूर्वी नवलपरासीको जटायु रेष्टुरेन्टबाट उडान भरेको पुष्टि भएको चरा विज्ञ डगौराले बताए।

नेपाल पक्षी संरक्षण सङ्घको तथ्याङ्कअनुसार विगत केही वर्षअघि रेष्टुरेन्टकै एक डङ्गुर गिद्धले भारतको पश्चिमी क्षेत्रसहित पाकिस्तानसम्म विचरणका लागि उडान गरेको थियो । नेपाल पक्षी संरक्षण सङ्घ र सबडिभिजन वन कार्यालय लम्कीको टोलीले शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको सहकार्यमा गिद्धलाई सुरक्षित क्षेत्रमा छाडेको डगौराको भनाइ छ।

'गिद्ध उपचारपछि स्वस्थ र तन्दुरुस्त छ', उनले भने, 'पुनः पुरानै बासस्थानमा फर्कनेमा विश्वस्त छौँ ।' गिद्धमा जडान गरिएको रेडियो कलरको सहायताले जिपिएस ट्र्याकिङ गरी अवस्थाबारे अध्ययनको कार्य निरन्तर जारी रहने उनले उल्लेख गरे । अन्तरराष्ट्रिय प्रकृति संरक्षण सङ्घ(आइयुसिएन)ले यस प्रजातिको गिद्धलाई अतिसङ्कटापन्नको सूचीमा सूचीकृत गरेको छ ।रासस

# विवाहमा बाजा बजाएर वार्षिक तीन लाख आम्दानी गर्दै पाल्पाका महिला

**पाल्पा।**

यहाँको तानसेन नगरपालिका–१० तेल्घाकी ६० वर्षीया तारादेवी बस्याललाई बाजा बजाउन भ्याइनभ्याइ छ । गाउँघरमा हुने विवाह, पूजालगायत शुभकार्य र मेला महोत्सवमा बस्यालको व्यस्तता बढेको हो।

गाउँघरमा हुने विवाह, पूजा, कुलपूजा, व्रतबन्धलगायतका शुभकार्यमा बाजा बजाउने मानिस नभेटिँदा उनले तीन वर्षअघि गाउँकै दिदीबहिनी मिलेर नौमती, पञ्चैबाजा बजाउन सिक्नुभएको थियो । बाजा समूहकी अध्यक्षसमेत रहनुभएकी बस्यालले समूह गठन गरेर व्यावसायिक रूपमा आम्दानी लिन थालेको बताउछन । बाजा बजाउन सिकेपछि मौलिक संस्कृतिको संरक्षणसँगै गाउँघरमा विवाह, पूजालगायतका धार्मिक कार्यमा सहजतासँगै महिलाहरुको आम्दानीको स्रोत बनेको उनको भनाइ छ ।

बाजा बजाएरै वार्षिक प्रतिव्यक्ति तीन लाख रुपैयाँ सम्म आम्दानी हुने गरेको बस्यालले जानकारी दिईन । घरधन्दाले मात्र जीवन बिताउन कठिन भएपछि गाउँका महिलाहरुले बाजा बजाउन सिकेको उनले बताईन । उनले भनिन, 'हामीहरूले पञ्चैबाजा



बजाउन नसिक्दा गाउँमा विवाह, पूजालगायतमा बाजा बजाउने मानिस नपाइने अवस्था थियो । टाढाबाट बाजा बजाउने मानिस ल्याउँदा खर्च बढी हुन्थ्यो । पछिल्लो समय गाउँघरमा हुने शुभकार्यमा सहज भएको छ।'

तीन वर्षअघि देखि बाहुन समुदायका महिलाहरु मिलेर बाजा बजाउँदै आएका हुन् । समूहले एउटा कार्यक्रमको १५ हजार रुपैयाँ देखि ६० हजारसम्म पारिश्रमिक लिने गरेको समूहकी उपाध्यक्ष कमला बस्यालले बताईन । समूहमा मञ्जु पन्थी, मनकुमारी न्यौपाने, भगवती भुसाल, तारा भट्टराई, सुष्मा बस्याल, सविता अधिकारी, खुमा पँगेनी, मञ्जु कँडेल, मिरा न्यौपाने र निरला शर्मासहित १२ महिला आबद्ध छन्।

पाल्पाका अधिकांश, कार्यक्रम, विवाह, महोत्सव, वार्षिकोत्सवदेखि मेला समारोहमा उनीहरुको माग छ । बाजा बजाउने महिलाहरुले एउटै पोसाक बनाएका छन् । उनीहरु धङ्कुरी कर्नाल, सनाई र मर्चुङ्गा, बजाउँछन् । उनीहरुले दमाहा, ढोलक, ट्याम्को र झ्याली बजाउँदा सबैलाई आकर्षित गर्ने गर्छ। उनीहरु गुल्मी र अर्घाखाँची, रुपन्देही र स्याङ्जासम्म बाजा बजाउन पुग्छन् । 'बाजा बजाउँदा सबैले हौसला मात्रै दिनुभएको छैन, आम्दानी पनि राम्रै भएको छ," समूहकी उपाध्यक्ष बस्यालले भनिन।

त्यसैगरी, रिब्दीकोट गाउँपालिका–३ का महिलाहरुले पनि पञ्जैबाजा बजाउने तालिम लिएर विवाह, व्रतबन्धलगायत धार्मिक उत्सव र सभासमारोहमा आफ्नो सीप देखाउन थालेका छन्। आदिवासी जनजाति समूहकी संयोजक अरुणा छहारीले पञ्चैबाजाको संरक्षण, परम्पराको जगेर्नासँगै आयआर्जनमा सहयोग पुग्ने भएकाले गाउँपालिका र वडाको सहयोगमा बाजा बजाउन सिकेको बताईन । समूहमा ४० देखि ५५ वर्षसम्मका १६ महिला आबद्ध छन् । 'गाउँमा बाजा बजाउने युवा नहुँदा छिमेकी गाउँबाट बोलाउनुपर्ने थियो, छिमेकी गाउँबाट बाजा बजाउने जनशक्ति नआए संस्कार नै लोप हुने अवस्था आएपछि महिलाहरूले बाजा बजाउन सिकेर आम्दानी गर्न थालेका छौँ', उनले भनिन।

यहाँका महिलाले व्यावसायिक रूपमा बाजा बजाउन थालेको वडाध्यक्ष नारायणबहादुर केसीले बताए । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मणिप्रसाद खनालका अनुसार गत वर्ष गाउँपालिकाबाट वडामा विनियोजन गरेको ५० हजार रुपैयाँ बजेटले बाजा खरिद गरिएकामा यस वर्ष ५० हजार रुपैयाँ बजेट विनियोजन गरी बाजा बजाउन सिकाइएको हो। रासस

# जीर्ण कारागारमा क्षमताभन्दा दोब्बर कैदीबन्दी

**बैतडी।**

यहाँ रहेको जीर्ण कारागारमा क्षमताभन्दा दोब्बरबढी कैदीबन्दी हुँदा सुरक्षा र व्यवस्थापनमा चुनौती भएको छ । चार दशकअघि निर्माण भएको उक्त कारागार जीर्ण बनेको छ।

जीर्ण कारागारमा क्षमताभन्दा दोब्बरबढी कैदीबन्दी हुँदा सुरक्षा र व्यवस्थापनमा चुनौती थपिएको कारागार कार्यालयकी प्रमुख धारा भण्डारीले बताए। 'यो २५ जना क्षमताको बन्दीगृह हो। तर अहिले ६३ जनालाई राखिएको छ।

बन्दीगृहमा ५३ कैदीबन्दी र १० जना थुनुवा छन् । क्षमताभन्दा बढी कैदीबन्दी हुँदा सुरक्षासहित उचित व्यवस्थापन गर्न समस्या हुने गरेको छ', उनले भने।

दशकौँ पुरानो कारागार जीर्ण बनेको बताउँदै भण्डारीले महिला कैदीबन्दी राख्ने ठाउँ नभएपछि महिला बन्दीलाई डडेल्धुरा पठाउने गरिएको जानकारी दिए। खाटमाथि खाट राखेर बन्दीको बसाइँ व्यवस्थापन गरिएको उनको भनाइ छ।

प्रमुख भण्डारीले भने, 'जस्तापाताले छाएको जीर्ण भवनमा वर्षात्को समयमा पानी चुहिने समस्या छ भने हिउँदमा शीत झर्ने समस्या छ। यसका साथै खानेपानी आपूर्ति र सरुवा रोगको पनि जोखिम छ।'

विसं २०४० मा निर्माण भएको कारागार भवन जीर्ण भइसक्दासमेत नयाँ भवन बन्न सकेको छैन । उनका अनुसार चालु आवदेखि नयाँ भवन निर्माणका लागि ठेक्का सम्झौता भइसकेकाले आगामी असोज–कात्तिकदेखि काम सुरु हुनेछ।

सघन सहरी तथा भवन निर्माण आयोजना डोटीमार्फत १० करोड रुपैयाँको लागतमा भवन निर्माणका लागि निर्माण कम्पनीसँग ठेक्का सम्झौता भएको हो । साथै खानेपानी आयोजनाका लागि प्रदेश सरकारले १० लाख रुपैयाँ विनियोजन गरेको प्रमुख भण्डारीले बताए। रासस

# रोकिएन कालीगण्डकी दोहन

**बागलुङ।**

बर्खायाममा नदीजन्य पदार्थ ठेक्कामा निकाल्न नपाइने प्रावधान छ । गत असारदेखि भदौ १५ गतेसम्म नदीजन्य पदार्थ निकाल्न नपाइने कानुनी व्यवस्था विपरीत बागलुङ र पर्वत भएर बग्ने कालीगण्डकी नदीमा दोहन भइरहेको छ।

कालीगण्डकी नदीको बागलुङ र पर्वततर्फको दर्जनभन्दा बढी स्थानमा अवैध रूपमा बालुवा निकालिएको छ । स्थानीयको आँखा छल्न क्रसर व्यवसायीले नदीजन्य पदार्थको मध्यरातमा समेत दोहन गरिरहेका छन्।

शनिबार राति ९ बजे सहस्रधारा क्षेत्रको भाटेखोला बगरमा कालीगण्डकीको दोहोन भइरहको थियो । एउटा स्काभेटरले कालीगण्डकीबाट बालुवा निकाल्दै थियो भने पाँच वटा टिपरले बालुवा बोकेर लैजाँदै थिए। बागलुङको भाटेखोला बगर मात्रै हैन एक दर्जन स्थानबाट अहिले नदीजन्य पदार्थको दोहन गरेर नदी छेउमै भण्डारण गरिएको देख्न सकिन्छ। बर्खाको समयमा उर्लेको कालीगण्डकीले ल्याउने बालुवा अबैद्ध रुपमा सङ्कलन गरी हिउँदभरी उपभोक्तालाई चर्को मूल्यमा बिक्री गर्दै आइरहेका छन्। नदीजन्य पदार्थ रातिमा सङ्कलन गरिरहेका स्थानीय बताउँछन्।

अहिले दोहन भइरहेको बागलुङ नगरपालिका–१० स्थित दब्ल्याङ र भाटेखोला–१३ नम्बर वडाको कालाखोला बगरलगायत स्थानमा दोहन भइरहेको कालीगण्डकी बचाउ अभियानका संयोजक आरके अदिप्त गिरीले बताए। अवैध नदी दोहान भइरहँदा स्थानीय सरकारले कडाइ गर्नुपर्नेमा उनले जोड दिए।

म्याग्दी, पर्वत र बागलुङ भएर बग्ने पवित्र कालीगण्डकी दोहोनले शालग्राम शिलासमेत सङ्कटमा परिसकेका गिरीले उल्लेख गरे । पर्वत खण्डमा नदीजन्य पदार्थको बढी दोहोन भइरहेको छ भने बागलुङतर्फको सहस्रधारा पारीको भाटेखोला, खनियाघाट र दब्ल्याङ क्षेत्रमा दोहन भइरहेको उनको भनाइ छ। असारदेखि भदौ १५ गतेसम्म दोहन गर्न नपाइने कानुनी व्यवस्था भए पनि मध्यबर्खामा नदीजन्य पदार्थ सञ्चित गर्ने समयमा कालीगण्डकी नदीको दोहन भइरहँदा स्थानीय तह, प्रशासन र जिल्ला समन्वय समिति एकले अर्कालाई दोष दिएर पन्छने गरेका गिरीले बताए। नदी दोहन रोक्नका लागि पटकपटक नागरिकस्तरबाट भइरहेका प्रयासलाई सम्बन्धित निकायले बेवास्ता गरेका उनको भनाइ छ । उनका अनुसार प्रहरी प्रशासन र स्थानीय तहको मौनताका कारण दोहनले प्रश्रय पाइरहेको हो।

'प्रहरी प्रशासनको मिलेमतोबिना दोहन सम्भव छैन, मालढुङ्गामा प्रहरी छ, नजिकै दोहान भइरहेको छ', गिरीले भने, 'गण्डकी सभ्यता जोगाउन कालीगण्डकीलाई दोहनमुक्त बनाएर संरक्षणको सूचीमा राखौँ।' दोहनलाई प्रश्रय दिँदा कालाखोला बगर कटान भइसकेको छ भने स्थानीय निकायको राजस्व गुमिरहेको छ।

कालीगण्डकीको बीच भागबाट नदी दोहन भइरहँदासमेत बागलुङ र पर्वत जिल्लाका सरोकार भएका निकायले कुनै चासो नदिएका गिरीले गुनासो गरे। ढुङ्गा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ अनुसार नदी तथा खोला किनारबाट ५०० मिटर टाढा मात्रै ढुङ्गा, गिटी, बालुवा उत्खनन गर्न पाइने व्यवस्था भए पनि नदीको बीच भागबाटै दोहन भइरहेको उनको भनाइ छ। गिरीले सभ्यताको सूचक मानिने कालीगण्डकी नदी नासिनु भनेको हाम्रो मानव सभ्यता नासिनु जस्तै हो भन्नुभयो । पारिस्तिथिक प्रणाली खल्बलाउनु र प्राकृतिक सम्पदा नास्ने अधिकार कोही कसैलाई नभएको बताउँदै गिरीले कालीगण्डकी नदी सभ्यता बचाउन सबैले राज्यतहलाई जनदबाब र पैरवी गर्नुको विकल्प नरहेको धारणा राखे।

नियमविपरीत नदी दोहन जारी राख्दा बागलुङ नगरपालिका–१ स्थित माझी बस्ती, मालढुङ्गा तथा कालाखोला बगर क्षेत्रका घर बाढीको उच्च जोखिममा पर्न थालेका छन्।

नदीजन्य पदार्थको सुरक्षाका लागि प्रहरी परिचालन भए पनि दोहन रोक्न नसकेको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी उपरीक्षक तिलक भारती स्वीकार्नभयो। स्थानीय तहले ठेक्का लगाउन नसक्ने, राजस्व गुम्ने डरलगायत कारणले दोहन नरोकिएको बताउँदै उनले नयाँ रणनीति बनाएर नदी दोहन भइरहेको स्थानमा सादा पोषाकमा प्रहरी परिचालन गर्ने योजना रहेको जानकारी दिए। रासस

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१


# गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रमा ठूला उद्योगको सम्भावनाः मुख्यमन्त्री सिंह

**मधेशदृष्टि**
**सप्तरी ।**



मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले सप्तरीस्थित गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रमा ठूला उद्योग स्थापना गर्ने प्रचुर सम्भावना रहेको बताएका छन् । मंगलबार बिहान उनले औद्योगिक क्षेत्रको अवलोकन तथा निरीक्षण गर्दै प्रदेश सरकारले यस क्षेत्रको आधारभूत पूर्वाधार सुधारका लागि चालु आर्थिक वर्षमा ८० लाख रुपैयाँ विनियोजन गरिसकेको जानकारी दिएका हुन् । मुख्यमन्त्री सिंहका अनुसार, हाल औद्योगिक क्षेत्रमा ढल निकास, खानेपानी आपूर्ति र अन्य पूर्वाधारगत कमजोरीहरू समाधान गर्न प्रदेश सरकार प्राथमिकताका साथ काम गर्दैछ । 'पूर्वाधार सुधारसँगै आवश्यक सुरक्षाकर्मीको व्यवस्था गर्न पनि पहल भइरहेको छ,' मुख्यमन्त्रीले भने । उनले ठूला उद्योग स्थापना भए रोजगारी सिर्जना हुने, राजस्व संकलनमा वृद्धि हुने र स्थानीयदेखि राष्ट्रिय स्तरसम्मको आर्थिक विकासमा टेवा पुग्ने स्पष्ट पारे । मुख्यमन्त्री सिंहले मधेश प्रदेश सरकार औद्योगिक क्षेत्रको समग्र विकासका लागि प्रतिबद्ध रहेको भन्दै उद्योगपति र लगानीकर्तालाई यस क्षेत्रमा उद्योग स्थापना गर्न आग्रह गरे । 'हामी लगानीकर्तालाई आवश्यक सहयोग र वातावरण उपलब्ध गराउन तयार छौँ,' उनले भने । वि.सं. २०४४ सालमा स्थापना भएको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रमा हाल १२ वटा उद्योग सञ्चालनमा छन् । यद्यपि विभिन्न पूर्वाधार समस्याका कारण धेरै प्लट खाली छन् । अहिले थप १० वटा प्लटमा नयाँ उद्योग स्थापना हुने तयारीमा रहेका छन् । औद्योगिक क्षेत्रका केही उद्योगीहरूले लामो समयदेखि पूर्वाधार, विजुली आपूर्ति र सुरक्षाको कमीबारे गुनासो गर्दै आएका छन् । मुख्यमन्त्रीको प्रत्यक्ष निरीक्षणले यी समस्याको समाधानमा गति आउने विश्वास गरिएको छ । सप्तरीको भौगोलिक स्थिति, भारतसँगको नजिकको पहुँच र यातायात सुविधा भएका कारण गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रलाई मधेश प्रदेशको आर्थिक हबको रूपमा विकास गर्न सकिने सम्भावना औद्योगिक क्षेत्रका सरोकारवालाले देखाएका छन् । व्यापारिक संघसंस्थाका प्रतिनिधिहरूका अनुसार यदि सरकारले आवश्यक पूर्वाधार र सुरक्षाको सुनिश्चितता गर्न सके यस क्षेत्रमा कपडा, प्रशोधन, निर्माण र निर्यातमुखी उद्योगहरू आकर्षित गर्न सकिनेछ ।

# युवा पलायन रोक्न स्वदेशमै उद्यमशीलता विकास गर्नुपर्नेमा जोड

**मधेशदृष्टि**
**वीरगंज ।**



अन्तर्राष्ट्रिय युवा दिवसको अवसर पारेर नेपाल युवा उद्यमी मञ्च वीरगंज शाखाले वृहत कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा मधेश प्रदेश सरकारका युवा खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद जयसवालले युवाहरुलाई उचित अवसर र वातावरण प्रदान गर्न तिनै तहको सरकारको भूमिका आवश्यक रहेकोमा जोड दिए । उनले बढदो युवा पलायनलाई रोक्न स्वदेशमै सार्थक कार्य गर्न तर्फ युवाहरुलाई प्रेरित गरिनु पर्ने बताए ।

यसैगरी सामाजिक उद्यमी तथा मिस नेपाल अर्थ २०१८ प्रिया सिग्देलले आफूले समेत उद्यम गर्दा प्रारम्भिक चरणमा निकै अवहेलना सहन गर्नु परेको तर हाल स्थापित भएपछि समाजले सराहना गर्ने गरेको प्रशंगका बारेमा चर्चा गर्दै युवाहरुलाई उच्च मनोवल राख्न आग्रह गरिन् । सो क्रममा आफ्नो नविनतम सोचमार्फत समाजमा पहिचान स्थापित गर्न सक्षम चार जना विभिन्न क्षेत्रका उद्यमीहरुलाई सम्मान गरिएको थियो । चन्दन सिंहले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रममा एनवाईएफको मुल अभिप्राय बारे मोहित गुप्ताले प्रष्ट पारे । नेपाल युवा उद्यमी मञ्च वीरगंज च्यापटरका अध्यक्ष विश्वास प्रताप साहको अध्यक्षतामा भएको कार्यक्रममा मधेश विश्वविद्यालयका उपकुलपति डा. दिपक शाक्य, कारखानाका संस्थापक पवित्र गौतम, उद्यमी सरोज ताम्राकार, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य सुवोध गुप्ता, पर्साका प्रहरी उपरीक्षक गौतम मिश्र, नेपाल बुद्धिजीवी परिषद्का केन्द्रिय सदस्य शम्भु गुप्ता लगायतकाको उपस्थिति रहेको थियो । यसअघि वीरगंजको गहवामाई मन्दिर अगाडीबाट विद्यार्थीहरु र अन्य व्यक्तिहरुको वृहत सहभागितामा ¥याली निकालिएको थियो । सहभागिहरुले स्वदेशी उत्पादनलाई प्रबद्र्धन गरौं, उद्यमशिलतालाई विकास गरौं, जस्ता सन्देशमूलक नारा लगाएका थिए ।

# प्रधानमन्त्री ओली शुक्रबार जनकपुरधाम आउँदै



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली शुक्रबार मधेश प्रदेशको राजधानी जनकपुरधाम आउने भएका छन् । यो भ्रमण साउन महिनाभित्रै दोस्रो पटक हुन लागेको हो । मधेश प्रदेश सरकारका प्रवक्ता गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीको निमन्त्रणामा प्रधानमन्त्री ओली जनकपुरधाम आउन लागेका हुन् ।

मन्त्री लेखीले आइतबार प्रधानमन्त्रीलाई भेट गरी मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामको नवनिर्मित प्रशासनिक भवन उद्घाटनका लागि औपचारिक निमन्त्रण गरेका थिए । जनकपुरधाम वडा नम्बर–४ मा निर्माण सम्पन्न भएको उक्त प्रशासनिक भवनको उद्घाटन प्रधानमन्त्री ओलीले गर्ने कार्यक्रम तय भएको मन्त्री लेखीले जानकारी दिए । गृह, सञ्चार तथा कानुन मन्त्रालयको बहुवर्षीय योजनाअन्तर्गत २५ करोड रुपैयाँ लागतमा बनेको उक्त भवनमा मधेश प्रदेश प्रहरी संगठनका विभिन्न शाखा रहने मधेश प्रदेश प्रहरीका प्रमुख डिआईजी उमा प्रसाद चतुर्वेदीले बताए ।

# फतुवा विजयपुरमा बजेट अधिवेशन अलपत्र



**मधेशदृष्टि**
**रौतहट ।**

रौतहटको फतुवा विजयपुर नगरपालिकाको बजेट अधिवेशन अहिलेसम्म हुन सकेको छैन । भ्रष्टाचार मुद्दामा निलम्बनमा परेका नगर प्रमुख गोपाल प्रसाद यादवमाथि सर्वोच्च अदालतको आदेश कुर्दै नगरसभा धकेलिँदै गएको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बालुवा ठेक्कामा भ्रष्टाचार गरेको आरोपमा विशेष अदालतमा मुद्दा दायर गरेपछि दुई वर्षदेखि यादव निलम्बनमै छन् । दोस्रो कार्यकालका लागि निर्वाचित यादवलाई विशेष अदालतले दोषी ठहर गरेपछि सर्वोच्च गएका हुन् । यादवसँगै निलम्बनमा परेका सबै जनाले विशेष अदालतबाट सफाइ पाइसकेका छन् । अन्यले पाएकै सफाइको नजिरमा आफूले पनि सर्वोच्चबाट सफाइ पाउने आशा यादवको छ । अदालतले मंगलबारका लागि पेसि तोकेपनि सुनुवाइ भने हुन सकेन । साउन २७ मंगलवार पेसी तोकिएपछि फैसला हुने आशामा साउन ३० मा नगरसभा राखिएको थियो ।

# कानुनविपरीत पदाधिकारीलाई इन्धन सुविधा



**मधेशदृष्टि**
**वीरगंज ।**

ठोरी गाउँपालिका कार्यालयले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूलाई कानुनविपरीत आठ लाख ५९ हजार ५० रुपैयाँ बराबरको अतिरिक्त इन्धन सुविधा वितरण गरेको महालेखाको प्रतिवेदनमा खुलासा भएको छ। स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधामा विनियोजित ऐन २०७७ को दफा ४ अनुसार सवारीसाधन वा अनुसूचीबमोजिम मात्रै सुविधा प्रदान गर्ने व्यवस्था भएता पनि गाउँपालिकाले २६ जना पदाधिकारीलाई कार्यपालिकाको निर्णयमार्फत थप इन्धन सुविधा प्रदान गरेको देखिएको छ। महालेखाले पालिकाको उक्त निर्णयलाई कानुनसम्मत नभएको स्पष्ट गर्दै रकम यकिन गरेर असुल गर्नुपर्ने आवश्यकतालाई समेत औँल्याएको छ। त्यस्तै, सोही निर्णयअनुसार संघीय निकाय प्रहरी चौकी र बीओपीका गाडीहरूलाई मासिक रूपमा डिजेल र पेट्रोल दिने व्यवस्था गरिएको छ । महालेखाले संघीय निकायका युनिटहरूलाई इन्धन सुविधा दिन कानुनी प्रावधान नहुँदा यस किसिमको व्यवस्थामा सुधार गर्न सम्बन्धित निकायलाई निर्देशन दिएको छ। यस विषयमा थप छानबिन र आवश्यक कदम चाल्न ठोरी गाउँपालिकालाई निर्देशन दिने तयारी भइरहेको छ। स्थानीय निकायहरूको जवाफदेही र पारदर्शिता सुनिश्चित गर्न यस प्रकारका अनियमितता रोक्नुपर्नेमा पनि जोड दिइएको छ।

# वर्षौंदेखि अलपत्र सडक निर्माणको माग

**मधेशदृष्टि**
**वीरगंज ।**

आम जनता पार्टी मधेश प्रदेशका अध्यक्ष उमेश कुशवाहाले प्रसौनी नकटुवा हुँदै वीरगंजलाई जोड्ने महत्वपूर्ण सडक वर्षौंदेखि अलपत्र परेको भन्दै तत्काल निर्माण कार्य शुरु गर्न सरकारसँग माग गरेका छन् । अध्यक्ष कुशवाहाका अनुसार, यो सडकको जीर्ण अवस्था र निर्माणमा ढिलाइका कारण स्थानीय बासिन्दा वर्षौंदेखि दुर्गति भोगिरहेका छन् । स्थानीय युवाहरूले पटक–पटक सडक निर्माणको माग राख्दा पनि कुनै ठोस कदम नचालिएको उनले आरोप लगाए । उनले सो सडक निर्माणमा प्रगति नहुनुमा यस क्षेत्रका प्रतिनिधि सभा सदस्य किसान श्रेष्ठको असक्षमता प्रमुख कारण भएको दाबी गरे । उनले सडकको दुर्दशाका कारण यातायातमा असुविधा, आर्थिक गतिविधिमा अवरोध र दुर्घटनाको जोखिम समेत बढेको बताए ।

# अनिल झाले त्यागे लोसपा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का वरिष्ठ नेता अनिलकुमार झाले पार्टीबाट राजीनामा दिएका छन् । वरिष्ठ नेताको पदमा रहेका झाले एक महिना अघि राजीनामा दिएको पार्टी अध्यक्ष महन्थ ठाकुर निकट नेता सुरेन्द्र झाले जानकारी दिए । ती नेताका अनुसार अनिलकुमार झाले पार्टीबाट दिएको राजीनामा स्विकृत समेत भइसकेको छ ।




# कृष्णा फाउन्डेसन र मधेश प्रदेश क्रिकेट संघबीच सम्झौता

**मधेशदृष्टि**
**काठमाडौँ**

कृष्णा फाउन्डेसन र मधेश प्रदेश क्रिकेट सङ्घबीच एक वर्षको लागि प्रायोजन सम्झौता भएको छ । काठमाडौँको नयाँ बानेश्वरस्थित कृष्णा फाउन्डेसनको कार्यालयमा सम्पन्न कार्यक्रममा उपाध्यक्ष सुजित कुमार कर्ण र मधेश प्रदेश क्रिकेट सङ्घका अध्यक्ष सुनिल कुमार महासेठले सम्झौता पत्रमा हस्ताक्षर गरे । सम्झौताअनुसार, कृष्णा फाउन्डेसनले मधेश प्रदेश क्रिकेट टिमको जर्सी उपलब्ध गराउनेछ र जर्सीमा फाउन्डेसनको नाम अंकित गरिनेछ । सम्झौताको प्रायोजन रकम गोप्य राखिएको छ भने फाउन्डेसनले भविष्यमा पनि यस सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ । कृष्णा फाउन्डेसन शिक्षा र खेलकुदलाई जोड्दै भारतका उत्कृष्ट विश्वविद्यालयहरूमा छात्रवृत्तिसहित अवसर प्रदान गर्दै आएको संस्था हो । उपाध्यक्ष कर्णले खेलकुदमार्फत विद्यार्थीहरूसम्म पहुँच विस्तार गर्ने लक्ष्य रहेको बताए । नेपाल क्रिकेट संघका सचिव पारस खड्काले यो प्रायोजनलाई प्रशंसनीय कदम भन्दै मधेश प्रदेश क्रिकेट सङ्घलाई आत्मनिर्भर बनाउन अन्य प्रदेशहरूले पनि यस्तै पहल गर्नुपर्ने सुझाव दिए । अध्यक्ष महासेठले प्रायोजनबाट प्राप्त रकम ग्रासरुट क्रिकेट विकासमा लगाउने र मासिक तलब पाउने क्रिकेटरको संख्या १० बाट १२ पुर्याउने योजना रहेको जानकारी दिए । कार्यक्रममा नेपाल क्रिकेट संघका केन्द्रीय सदस्य धिरेन्द्र साउद, मधेश प्रदेश क्रिकेट सङ्घका सचिव आयुष श्रेष्ठ, कोषाध्यक्ष सुबाष जयसवाल, पर्सा क्रिकेट सङ्घका अध्यक्ष मनिष सिंह तथा राष्ट्रिय टिमका खेलाडीहरू पवन सर्राफ, रुपेश सिंह र आदील आलम पनि उपस्थित थिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन